वर्ष २० | अंक ६८ | काठमाडौं | बिहीवार, १३ मङ्सिर २०८१ | Thursday, 28 November 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

मङ्सिर २९ देखि हकप्रद शेयर जारी गर्दै प्रभु केबलकार २

एनपीएल डिशहोम गो एप र एक्सन स्पोर्ट्सको यूट्यूबमा ३

सुशासनका लागि 'कुलिङ अफ पिरियड' ४

सुनचाँदीको भन्सार दर कटौतीको स्वागत ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।

डेडिकेटेड फिडर र ट्रंक लाइनको महशुल विवाद

# नतिर्नेको बैंक खाता, शेयर र आईपीओ रोक्न पत्राचार

**प्रशान्त खड्का**

काठमाडौं

बुधवार सम्पन्न नेपाल विद्युत् प्राधिकरण सञ्चालक समिति बैठकले डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता महशुल नतिर्ने उद्योगलाई दिइरहेको विद्युत् आपूर्ति नरोक्ने निर्णय गरेपछि प्राधिकरणले उद्योगीमाथि दबाबका अन्य प्रयास अगाडि बढाएको छ ।

विद्युत् आपूर्ति रोकेरै दबाब बढाउने प्राधिकरण कार्यकारी निर्देशक कुलमान घिसिङको प्रयास सरकारको असहयोगले असफल भएपछि प्राधिकरणले ती उद्योगको बैंक खाता, शेयरको हक हस्तान्तरण र शेयर निष्कासन रोक्न सम्बद्ध निकायलाई पत्राचार गरेको छ । नेपाल राष्ट्र बैंकलाई बुधवार चिठी लेख्दै प्राधिकरणले बक्यौता नबुझाउने ३४ उद्योगको खाता रोक्का गरी बक्यौता असुलीमा सहयोग गर्न अनुरोध गरेको छ । प्राधिकरणका अनुसार यी उद्योगहरूबाट ६ अर्ब ४० करोड रुपैयाँ असुली गर्नुपर्नेछ ।

मन्त्रिपरिषद् बैठकको कात्तिक २५ गतेको निर्णय र विद्युत् नियमन आयोगको मङ्सिर ११ गतेको पत्रबाट प्राधिकरणलाई विद्युत् विच्छेदबाहेक अन्य कारबाही गरी बक्यौता असुल्न निर्देशन भएअनुसार पत्र लेखिएको प्राधिकरणले बताएको छ ।

राष्ट्र बैंकलाई लेखिएको चिठीमा बक्यौता असुल नभएसम्म ती कम्पनीले खातामा रकम जम्मा गर्न पाउने तर खाताबाट रकम झिक्न नपाउने गरी बैंक खाता रोक्का राखी विद्युत् महशुलबापतको सार्वजनिक राजस्वको रकम असुली गर्ने कार्यमा सहयोग गर्न अनुरोध गरिएको छ ।

त्यसैगरी कम्पनी रजिस्ट्रार कार्यालयलाई लेखिएको चिठीमा विद्युत् महशुल बक्यौता भएका कम्पनीले अन्य कुनै कम्पनीको शेयरमा लगानी गरेको भए उक्त कम्पनीको शेयर एवं विद्युत् महशुल बक्यौता राख्ने कम्पनी सञ्चालकको उक्त कम्पनीमा भएको शेयर कुनै पनि प्रकारले हक हस्तान्तरण गर्न र धितोबन्धकी दिन नपाउने गरी रोक्का राख्न अनुरोध गरिएको छ ।

बक्यौता नतिरेका



उद्योगले सर्वसाधारणमा शेयर जारी गर्ने इजाजतका लागि निवेदन दिई कारबाही अगाडि बढाएमा शेयर विक्रीको इजाजत रोक्न अनुरोध गरी नेपाल धितोपत्र बोर्डलाई चिठी लेखिएको छ । बक्यौता राख्नेमध्ये रिलायन्स स्पिनिङ मिल्सले प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) स्वीकृतिका लागि बोर्डमा निवेदन दिएको छ । प्योर इनर्जी लिमिटेड र हायात प्लेस होटललाई लेखेको चिठीमा ती कम्पनीमा समेत लगानीकर्ता रहेका रिलायन्स स्पिनिङ मिल्सका सञ्चालक पवन गोल्यानबाट बक्यौता असुलीका लागि विद्युत् खरीद सम्झौताअनुसार विद्युत् खरीदबापत प्योर इनर्जीलाई मासिक भुक्तानी गर्नुपर्ने रकमबाट क्रमशः कट्टा गरी बक्यौता महशुल असुल गरिने जानकारी दिएको छ ।

यस सम्बन्धमा घिसिङले भने, 'विद्युत् नियमन आयोगले सरकारको राजस्वमा असर पर्ने भन्दै मंगलवार प्राधिकरणलाई उद्योगमा लाइन नकाटी वैकल्पिक उपायबाट बक्यौता असुल्न निर्देशन दियो । बुधवार बसेको सञ्चालक समिति बैठकले पनि सोहीअनुसार निर्णय गरेपछि बक्यौता उठाउन प्राधिकरणले वैकल्पिक उपाय निकालेको हो ।'

बक्यौता नतिर्ने उद्योगीको बैंक खातादेखि शेयर निष्कासनसम्ममा रोक लगाउन आग्रह गर्दै नियामक निकायलाई पत्र लेखेको घिसिङले स्पष्ट पारे । उनका अनुसार प्राधिकरण जसरी पनि बक्यौता उठाउने पक्षमा छ ।

'बक्यौता नतिर्ने उद्योगको हक हस्तान्तरण रोक्न समेत हामीले कम्पनी रजिस्ट्रारको कार्यालयलाई पत्र लेखेका छौं । बक्यौता नतिर्ने कम्पनीको अन्य कुनै कम्पनीको शेयरमा लगानी भएमा उक्त कम्पनीको शेयर एवं बक्यौता राख्ने कम्पनीका सञ्चालकको शेयर हस्तान्तरण रोकेर बक्यौता असुलीमा सहयोग गर्न आग्रह गरेका छौं,' घिसिङले आर्थिक अभियानसँग भने, 'ती उद्योगीको घरमा बिजुली काट्नेसम्मको कदम प्राधिकरणले चाल्न सक्छ ।'

यसअघि विद्युत् नियमन आयोगको निर्देशन र नेपाल विद्युत् प्राधिकरण सञ्चालक समिति बैठकले असुली ग्यारेन्टीविना विद्युत् लाइन विच्छेद नगर्ने निर्णय लिएपछि घिसिङ दबाबमा परेका थिए ।

नियमन आयोगले मंगलवार प्राधिकरणलाई पत्र लेख्दै उद्योगहरूको लाइन काट्दा सरकारको राजस्वमा असर पर्ने हुँदा मन्त्रिपरिषद्को निर्णयअनुसार नै महशुल उठाउन र लाइन नकाट्न निर्देशन दिएको थियो । सोही विषयमा छलफल गर्न बुधवार बसेको प्राधिकरण सञ्चालक समिति बैठकले समेत उद्योगमा लाइन नकाट्ने निर्णय गरेसँगै घिसिङ थप दबाबमा परेका हुन् ।

सञ्चालक समिति बैठकले उद्योगीलाई बक्यौता तिर्न दबाब दिने विषयमा भने कुनै निर्णय नगरेको बैठकमा सहभागी सञ्चालक समिति सदस्य कपिल आचार्यले बताए । आचार्यका अनुसार बैठकमा उपस्थित सञ्चालक समितिका ६ सदस्यमध्ये दुईजना- आचार्य स्वयं र भक्तबहादुर पुनले फरक मत राख्दा पनि ऊर्जामन्त्रीले यस्तो निर्णय गराएका हुन् ।



'ती उद्योगीको घरमा बिजुली काट्नेसम्मको कदम प्राधिकरणले चाल्न सक्छ ।'

**कुलमान घिसिङ**
कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण

'यो निर्णयले अब महशुल उठ्नेभन्दा पनि नउठ्ने जोखिम बढेको छ । यो गैरन्यायिक निर्णय हो । राजस्वमा असर पर्छ भनेर लाइन नकाट्न निर्णय गर्नेले उद्योगीले कति समयभित्र बक्यौता तिर्नुपर्छ र उक्त समयभित्र तिर्न नआए के गर्ने भन्ने निर्णय किन नगरेको ?' आचार्यले प्रश्न गरे ।

प्राधिकरणले उद्योगीलाई बक्यौता तिर्न दिएको १५ दिनको समयसीमा बुधवार सकिएसँगै सञ्चालक समिति बैठकले लाइन नकाट्ने निर्णय लिएको थियो ।

प्राधिकरण सञ्चालक समिति अध्यक्षसमेत रहेका ऊर्जामन्त्री दीपक खड्काको असहमति हुँदाहुँदै घिसिङको निर्देशनमा बक्यौता नबुझाउने ३४ उद्योगमा पछिल्लोपटक कात्तिक ८ गते राति लाइन काटिएको थियो । केही उद्योगमा भने अदालती प्रक्रियाका कारण त्यसबेला लाइन काटिएको थिएन ।

गत कात्तिक २५ गते बसेको मन्त्रिपरिषद् बैठकले टाइम अफ डे (टीओडी) मीटरका आधारमा पुनः गणना गरी १५ दिनभित्र बक्यौता उठाउन र उद्योगहरूमा काटिएको लाइन जोड्न प्राधिकरणलाई निर्देशन दिएको थियो । सञ्चालक समितिको निर्णयअनुसार प्राधिकरणले बक्यौता महशुल नतिरेका सबै २८ उद्योगमा कात्तिक २८ गते राति पुनः बिजुली जोडिदिएको थियो ।

# पहिलोपल्ट पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान गर्न प्रस्ताव

**हिमा वि.क**

काठमाडौं

झन्डै २ वर्षअघि उद्घाटन भएर पनि नियमित अन्तरराष्ट्रिय उडान नभएको पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्न पहिलोपल्ट हिमालय एयरलाइन्स कस्सिएको छ ।

नेपालबाट अन्तरराष्ट्रिय उडान गर्दै आएको निजीक्षेत्रको हिमालय एयरलाइन्सले साताको ४ दिन सोमवार, मंगलवार, बुधवार र शुक्रवार काठमाडौं र पोखराबाट चीनको स्वशासित क्षेत्र तिब्बतको राजधानी ल्हासामा नियमित उडान गर्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणमा प्रस्ताव गरेको छ ।

हिमालय एयरलाइन्सले उडान तालिका र समयसहित प्राधिकरणमा उक्त गन्तव्यमा उडान गर्न प्रस्ताव गरेको प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिए । पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा चार्टर्ड उडान भए पनि कुनै अन्तरराष्ट्रिय विमान कम्पनीले नियमित अन्तरराष्ट्रिय उडान गरेका छैनन् ।

प्राधिकरणका अनुसार हिमालय एयरलाइन्सले साताको सोमवार काठमाडौं-ल्हासा र ल्हासा-पोखरा, मंगलवार पोखरा-ल्हासा, ल्हासा-काठमाडौं र बुधवार काठमाडौं-ल्हासा र ल्हासा-काठमाडौं र शुक्रवार काठमाडौं-ल्हासा र ल्हासा-काठमाडौं गन्तव्यमा उडान गर्न स्वीकृति मागेको हो ।

प्राधिकरणले हिमालयलाई उक्त गन्तव्यमा उडान गर्ने स्वीकृति दिन बाँकी रहेको भुलले बताए । 'अहिले प्रक्रियामा छौं, ल्हासाको सम्बद्ध निकायले यो उडानका लागि स्वीकृति दिएलगत्तै प्राधिकरणले पनि उक्त गन्तव्यमा उडानको स्वीकृति दिनेछ ।'



**हिमालय एयरलाइन्सले साताको सोमवार काठमाडौं-ल्हासा र ल्हासा-पोखरा, मंगलवार पोखरा-ल्हासा, ल्हासा-काठमाडौं र बुधवार काठमाडौं-ल्हासा र ल्हासा-काठमाडौं र शुक्रवार काठमाडौं-ल्हासा र ल्हासा-काठमाडौं गन्तव्यमा उडान गर्न स्वीकृति मागेको छ**


नेपाल र चीनका लगानीकर्ताको संयुक्त उपक्रममा सन् २०१४ मा अन्तरराष्ट्रिय वायुसेवा कम्पनी हिमालय एयरलाइन्स स्थापना भएको थियो । तिबतान सिभिल एभिएसन डेभलपमेन्ट एन्ड इन्भेस्टमेन्ट कम्पनी लिमिटेड (टीसीएडीआइसी) र नेपाली साझेदार यती वर्ल्ड इन्भेस्टमेन्ट प्रालिको संयुक्त लगानीको हिमालयले स्थापनाको लामो समयपछि ल्हासामा सीधा उडानका लागि प्रक्रिया अघि बढाएको हो ।


सरकारले पोखरा र भैरहवाको गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय उडान आकर्षित गर्न विभिन्न सुविधा घोषणा गरेको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल स्तरोन्नतिका लागि कात्तिक २३ गतेदेखि चैतसम्म दैनिक १० घण्टा बन्द हुने भएकाले काठमाडौंको विमानस्थलबाट अन्तरराष्ट्रिय उडान ३० प्रतिशत कटौती भएको छ । त्यसको पूर्तिका लागि २० प्रतिशत गौतमबुद्ध र १० प्रतिशत पोखरा विमानस्थलबाट अन्तरराष्ट्रिय उडान गर्न प्राधिकरणले एयरलाइन्सहरूलाई आग्रह गरेको थियो ।


भैरहवा र पोखराबाट शुरूमा उडान गर्दा घाटा हुने सम्भावनालाई दृष्टिगत गर्दै २ वर्षको प्याकेज प्राधिकरणले दिएको थियो । प्राधिकरणले २ वर्षसम्म ल्यान्डिङ, पार्किङ शुल्क नलाग्ने, बाहिरबाट उडान गर्दा हवाई इन्धनमा प्रतिकिलोलिटर १०० रुपैयाँ छूट, यात्रुले तिर्ने मूल्य अभिवृद्धिकर (भ्याट-यद्यपि भ्याट छूट भने अर्थ मन्त्रालयबाट स्वीकृत भइसकेको छैन) छूट गर्नेजस्ता प्याकेज ल्याएको थियो ।

करीब आधा दर्जन अन्तरराष्ट्रिय एयरलाइन्सले गौतमबुद्ध विमानस्थलबाट अन्तरराष्ट्रिय उडान गरे पनि पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान भएको छैन । चिनियाँ लगानीको एयरलाइन्सले चिनियाँ सहयोगमै बनेको विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान गर्न खोजेको हो ।

डेंगीबाट बच्न
आफूवरिपरि भएका पानी जम्ने खाल्डाखुल्डी पुरौं !
शरीर ढाक्ने लुगा लगाऔं !
डेंगी संक्रमणबाट बचौं !!!




एमसीसीको प्रसारण लाइन

## ठेक्का प्रक्रिया पुनः अघि बढ्यो

काठमाडौं (अस) । अमेरिकी अन्तरराष्ट्रिय सहयोग संस्था मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)को सहयोगमा बन्ने उच्च क्षमताको २९७ किलोमीटर लामो विद्युत् प्रसारण लाइन निर्माणका लागि पुनः बोलपत्र आह्वान भएको छ ।

नेपाल कम्प्याक्ट कार्यक्रमअन्तर्गत निर्माण गरिने उक्त प्रसारण लाइन र अन्य संरचना निर्माण गर्न स्थापित मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल)ले बुधवार २०८१ माघ १७ गतेको समयसीमा तोकी बोलपत्र आह्वान गरेको हो ।

यसअघि गतवर्ष असोजमा पहिलो बोलपत्र एमसीए नेपालले रद्द गर्नुपरेको थियो । सबै बोलपत्रदाताले अनुमान गरेभन्दा धेरै बढी मूल्य राखी बोलपत्रमा सहभागी भएकोले एमसीए नेपालले उक्त प्रक्रिया नै रद्द गरेको थियो । » बाँकी पृष्ठ ५ मा

# सुनचाँदीका संगठनमा नरहेका व्यवसायीले पनि सुन किन्न सक्ने

**विजय दमासे**

काठमाडौं

सुनचाँदीसम्बन्धी कुनै संघसंस्थामा आबद्ध नभए पनि सुन व्यवसायीले वाणिज्य बैंकहरूबाट सुन किन्न पाउने भएका छन् । राष्ट्र बैंकद्वारा जारी सुन आयात तथा विक्री वितरणसम्बन्धी कार्यविधिमा सुनचाँदीसम्बन्धी व्यावसायिक संघ वा महासंघको सिफारिश चाहिने प्रावधान राखिएको छ । यो प्रावधानविरुद्ध राष्ट्र बैंकलाई विपक्षी बनाई रिद्धिसिद्धि ज्वेलर्सका तर्फबाट सागर ढुंगानाले दायर गरेको मुद्दाको रिटमाथिको बहसपछि सर्वोच्चले संगठनमा नरहेका व्यवसायीलाई सुन खरीदमा रोक नलगाउन आदेश दिएको छ ।

'राष्ट्र बैंकद्वारा जारी सुन आयात तथा विक्री वितरणसम्बन्धी कार्यविधिले तोकेका अन्य कार्यविधि पूरा गरेको स्थितिमा व्यवसायीका संघसंगठनमा आबद्ध नभएकै कारण सुन खरीद गर्न नरोक्नू,' न्यायाधीशद्वय नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलाशले जारी गरेको अन्तरिम आदेशमा भनिएको छ । हाल वाणिज्य बैंकहरूले सुन आयात गरी व्यवसायीका संगठनहरू- नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल रत्न तथा आभूषण संघलगायतको सिफारिशमा सुन विक्री गर्न सक्ने कानूनी व्यवस्था थियो ।

संघसंगठनमा आबद्ध व्यवसायीले मात्र सुन किन्न पाउने प्रावधानले अन्य व्यवसायी बजार पहुँचबाट वञ्चित भएका थिए । त्यसो हुँदा 'सिन्डिकेट प्रणाली लादिएको' भन्दै संघसंगठनमा आबद्ध नभएका व्यवसायीले आवाज उठाएका थिए । निवेदकका तर्फबाट अधिवक्ता शम्भु थापा तथा अधिवक्ताद्वय कृष्ण थापा र उत्तमराज पाठकले बहस गरेका थिए । उनीहरूले व्यवसायीहरूको संघसंगठनमा आबद्ध सुनको कारोबार गर्ने अनुमति प्राप्त व्यवसायीले मात्र सुन खरीद गर्न पाउने व्यवस्था गर्दा त्यस्ता संघसंगठनमा आबद्ध नभएका व्यवसायीले सुन किन्न नपाई पेशा व्यवसाय सञ्चालन गर्न पाउने संविधानप्रदत्त मौलिक हकमा आघात पुग्न जाने अवस्था देखिएको बहसका क्रममा बताएका थिए । » बाँकी पृष्ठ ५ मा



सर्वोच्चको आदेश सिन्डिकेटमा मोनोपोली चलाउनेहरूका विरुद्ध आएको छ । राज्यका निकायमा दर्ता भएर कर तिरेर कोही कसैले कुनै छाता संगठनमा नबसी निर्बाध रूपमा व्यवसाय गर्छु भन्छ भने अब पूर्ण रूपमा बाटो खुल्यो । सर्वोच्चको आदेशले आम व्यवसायीको शिर ठाडो बनाएको छ ।

**नरेन्द्रकुमार गुप्ता**
सञ्चालक, रिद्धिसिद्धि ज्वेलर्स





ललितपुरको सदर चिडियाखानामा डुंगा शयर गर्दै मानिस ।

तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

# एनपीएल डिशहोम गो एप र एक्सन स्पोर्ट्सको यूट्यूबमा

काठमाडौं (अस) । नेपाल प्रिमियर लिग (एनपीएल) २०२४ को डिजिटल स्ट्रिमिङ अधिकार डिशहोमले प्राप्त गरेको छ । यो साझेदारीअन्तर्गत डिशहोमले एनपीएलका सबै म्याच प्रत्यक्ष रूपमा डिशहोम गो एप र एक्सन स्पोर्ट्स एचडी यूट्यूब च्यानलमा प्रसारण गर्ने बताइएको छ ।

डिशहोमका प्रमुख कार्यकारी अधिकृत तारा मानन्धरले एनपीएल २०२४ को डिजिटल स्ट्रिमिङ अधिकारको प्राप्ति ठूलो उपलब्धि भएको र यो साझेदारीले नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुर्‍याउन मद्दत गर्नका साथै क्रिकेट प्रेमीलाई एकै स्थानमा जोड्ने विश्वास व्यक्त गरे ।




डिशहोमसँगको यो साझेदारी नेपालमा क्रिकेटको नयाँ युगको शुरुआत भएको कम्पनीको भनाइ छ । 'यस साझेदारीले डिशहोमलाई नेपाली क्रिकेटको उत्साह र समर्थन अझ सशक्त बनाउन नयाँ मार्गदर्शन प्रदान गरेको छ,' कम्पनीले भनेको छ । एनपीएलको पहिलो सिजन मङ्सिर १५ देखि पुस ६ गतेसम्म हुँदैछ ।

# आइएमई लाइफको सीईओमा पवनकुमार खड्का सिफारिस



काठमाडौं (अस) । पवनकुमार खड्का आइएमई लाइफ इन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृत (सीईओ)का लागि सिफारिस भएका छन्। खड्काले केही दिनअघि सूर्यज्योति लाइफबाट राजीनामा दिएका थिए । गत भदौ ९ गते कवि फुयाँलले सीईओ पदबाट राजीनामा दिएपछि कम्पनी नेतृत्वविहीन छ ।

खड्काले तत्कालीन सूर्य लाइफको सीईओ भएर काम गरिसकेका छन् । साविक सूर्य लाइफ र साविक ज्योति लाइफ मर्जपछि उनी डीसीईओ भएर काम गरिरहेका थिए । बीमा क्षेत्रको १० वर्षभन्दा बढी अनुभव रहेका उनले नेपाल लाइफबाट बीमा क्षेत्रको करिअर शुरू गरेका हुन् । त्रिभुवन विश्वविद्यालयबाट एमबीए गरेका खड्का चार्टर्ड एकाउन्टेन्ट (सीए) समेत हुन् । उनीसँग बीमा, सिमेन्ट उद्योग, जलविद्युत्, अडिट क्षेत्रमा काम गरेको अनुभव रहेको छ ।

# सुजल फुड्सले ल्यायो 'डिलाइट-डेरी ह्वाइट्नर'




काठमाडौं (अस) । सुजल फुड्स प्रालिले नयाँ उत्पादन 'डिलाइट-डेरी ह्वाइट्नर' नामको धूलो दूध (पाउडर दूध) बजारमा ल्याएको छ । देशको विभिन्न ठाउँबाट संकलित दूधलाई नवीनतम तथा उच्च प्रविधि तथा मेसिनको सहायताबाट गुणस्तर मापन गरी उक्त धुलो दूध तयार पारिएको कम्पनीले जानकारी दिएको छ ।


अन्य धूलो दुधको तुलनामा यो बाक्लो र अत्याधुनिक 'अल्ट्रा ड्राइङ स्प्रे प्रविधि'ले समान मिश्रण कायम गरी मनतातो पानीमा तुरुन्तै घुल्ने गरी तयार पारिएको कम्पनीको भनाइ छ । आधुनिक मेटालिक प्याकेजिङका कारण यो धूलो दूध १२ महीनासम्म प्रयोग गर्न सकिने कम्पनीले जानकारी दिएको छ । यो उत्पादन भाटभटेनी स्टोर, सेल्स बेरी, बिगमार्ट जस्ता प्रमुख स्टोर, विभिन्न किराना पसल र अनलाइन शपिङ साइटमा उपलब्ध रहेको बताइएको छ । दूधको ४०० ग्रामको प्याकेटलाई ४८० रुपैयाँ र ८०० ग्रामलाई ९०० रुपैयाँ मूल्य कायम गरेको बताइएको छ ।

# सूर्यज्योति लाइफको बीमांकीय मूल्यांकन प्रतिवेदन स्वीकृत

काठमाडौं (अस) । सूर्यज्योति लाइफ इन्स्योरेन्स आर्थिक वर्ष २०८०/८१ को बीमांकीय मूल्यांकन प्रतिवेदन नेपाल बीमा प्रधिकरणबाट स्वीकृत गर्ने पहिलो जीवन बीमा कम्पनी भएको छ । साथै कम्पनी प्राधिकरणबाट जारी रिस्क बेस्ड क्यापिटल निर्देशिकालाई पालना गर्दै आरबीसी भेलुयसन स्वीकृत गर्ने पहिलो जीवन बीमा कम्पनी समेत बनेको बताइएको छ ।

कम्पनीले सावधिक जीवन बीमा योजनामा न्यूनतम रू. ४० देखि ७५ सम्म, सावधिक तथा आजीवन जीवन बीमा योजनामा न्यूनतम रू. ४० देखि ७५ सम्म, अग्रिम भुक्तानी जीवन बीमा योजनामा न्यूनतम रू. ४२ देखि ६० सम्म र चौरासी पूजा जीवन बीमा योजनामा न्यूनतम रू. ४५ देखि ९० सम्म बोनस दिने बताएको छ । कम्पनीले ३५ घातक रोगविरुद्ध रू. ५० लाखसम्मको उपचार खर्चको सुविधा प्रदान गर्दै आएको बताएको छ । कम्पनी आइएसओ ९००१:२०१५ द्वारा विभूषित एकमात्र जीवन बीमा कम्पनी भएको बताइएको छ ।

# मेरोमाइक्रोफाइनान्सको अध्यक्षमा पाण्डे र सञ्चालकमा मुलेपती




काठमाडौं (अस) । मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा कल्याणविक्रम पाण्डे नियुक्त भएका छन् । मङ्सिर ६ गते बसेको संस्थाको १६३औं सञ्चालक समितिको बैठकले सर्वसम्मत रूपमा पाण्डेलाई अध्यक्षमा चयन गरेको संस्थाले जानकारी दिएको छ ।

यसअघि अध्यक्षको जिम्मेवारीमा रहेका सुमितबाबु खत्री संस्थापक संस्था सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडबाट अलग भई सञ्चालकमा बस्न नपाउने भएसँगै नयाँ अध्यक्ष चयन गरिएको हो । संस्थाका नवनियुक्त अध्यक्ष पाण्डेले नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल समक्ष पद तथा गोपनीयताको सपथ लिएका छन् । पाण्डे यसअघि पनि संस्थाको संस्थापक (प्रतिनिधि ग्लोबल आइएमई बैंक लि) समूहको तर्फबाट विगत ५ वर्षदेखि निरन्तर रूपमा सञ्चालक समितिमा रहेर काम गरिरहेका छन् । यस्तै, सोही बैठकले सुमन मुलेपतीलाई सञ्चालकमा नियुक्ति गरेको छ । उनी संस्थापक सेयरधनी सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रतिनिधित्व गर्दै सञ्चालकमा नियुक्त भएका हुन् । सञ्चालक मुलेपती सो बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत हुन् ।

# आइसिएफसि फाइनान्सका ग्राहकलाई वन्डरल्याण्डमा बोनस



काठमाडौं (अस) । आइसिएफसि फाइनान्स लिमिटेडका ग्राहकलाई वन्डरल्याण्ड नेपाल बुङ्मतीले उपलब्ध गराउने सेवा मूल्यमा १० प्रतिशत बोनस दिने भएको छ । फाइनान्सको डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ प्रयोगकर्तालाई किक फन वर्ल्ड प्रालिबाट सञ्चालित उक्त वन्डरल्याण्डका सेवा मूल्यमा १० प्रतिशत रकम बोनस स्वरूप प्रदान गर्ने गरी दुवै पक्षबीच समझदारी भएको हो । समझदारीअनुसार बैंकका ग्राहकले वन्डरल्याण्डमा उपलब्ध मनोरञ्जनात्मक तथा अन्य सेवाका लागि बैंकका ग्राहकलाई १० प्रतिशत बोनस थप गरी वन्डरल्याण्डले कार्ड उपलब्ध गराउने बताइएको छ ।


HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

तपसिलका शाखा कार्यालयहरुका

## ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज, आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा तिर्न बुझाउन पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, आदि अविलम्ब चुक्ता भुक्तान गर्नु होला । अन्यथा कालोसूचीमा राखि ऐन कानून तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी बैंकको लेना असुल गरिने छ ।

तपसिल

| ऋणीहरुको नाम | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय : चावहिल, काठमाण्डौ**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १७४०८९/०७४ /०७५ कायम भइ मिति २०७४।०५।१२ मा दर्ता भएको **कृष्टिन सप्लायर्स प्रा. लि. ।**<br>सञ्चालक तथा व्यक्तिगत जमानी दिने<br>**रोशनी कार्की**<br>**रघुनाथ पंजियार**<br>व्यक्तिगत जमानी दिने<br>**कमल बहादुर कार्की**<br>**मंजु पजियार** | १. जित बहादुर कार्कीको बुहारी, कमल बहादुर कार्कीको पत्नी, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ८ बस्ने **रोशनी कार्की**को नाममा दर्ता कायम रहेको काठमाडौं जिल्ला, साविक गोठाटार गा.वि.स., वडा नं. ४ स्थित कित्ता नं. २५ को क्षेत्रफल ७७ ब.मि., ऐ.ऐ. कित्ता नं. २६ को क्षेत्रफल ६७.६० ब.मि. र ऐ.ऐ. कित्ता नं. २५१ को क्षेत्रफल १२६.५८ ब.मि. जग्गा समेत ।<br>२. सुवध पंजियारको बुहारी, रघुनाथ पंजियारको पत्नी, धनुषा जिल्ला, साविक सखुवा महेन्द्रनगर गा.वि.स., वडा नं. १ बस्ने **मंजु पंजियार**को नाममा दर्ता कायम रहेको धनुषा जिल्ला, साविक बेंगाशिवपुर गा.वि.स., वडा नं. ३( हाल परिवर्तित जनकपुरधाम उप-महानगरपालिका, वडा नं. १९) स्थित कित्ता नं. १०६९ को क्षेत्रफल ०-१-०-०, ऐ.ऐ. कित्ता नं. २१९७ को क्षेत्रफल ०-१-०-० (विघा) जग्गा समेत, ऐ.ऐ. धनुषा जिल्ला, साविक सखुवा गा.वि.स., वडा नं. ५ (हाल परिवर्तित छिरेश्वरनाथ न.पा., वडा नं. ४) स्थित कित्ता नं. ४४२ को क्षेत्रफल ०-०-१०-०, ऐ.ऐ. कित्ता नं. ४४३ को क्षेत्रफल ०-१-०-०, ऐ.ऐ. कित्ता नं. ४४४ को क्षेत्रफल ०-४-१७.५-०, ऐ.ऐ. कित्ता नं. ३६० को क्षेत्रफल ०-१-०-० (विघा) जग्गा समेत, ऐ.ऐ. धनुषा जिल्ला, साविक जनकपुर न.पा., वडा नं. १ (हाल परिवर्तित जनकपुरधाम उप-महानगरपालिका, वडा नं. १) स्थित कित्ता नं. ४९८ को क्षेत्रफल ०-०-१०-२ (विघा) जग्गाहरु समेत ।<br>३. सोनम पंजियार सुडीको नाति, सुवध पंजियारको छोरा, धनुषा जिल्ला, साविक कनकपट्टि गा.वि.स., वडा नं. ६ बस्ने **रघुनाथ पंजियार**को नाममा दर्ता कायम रहेको धनुषा जिल्ला, साविक बेंगाशिवपुर गा.वि.स., वडा नं. ३ (हाल परिवर्तित जनकपुरधाम उप-महानगरपालिका, वडा नं. १९) स्थित कित्ता नं. ९०७ को क्षेत्रफल ०-०-१२-१४ (विघा) को जग्गा समेत । |
| **शाखा कार्यालय : हर्नामाडी, हेटौडा (मकवानपुर)**<br>१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २३४६०४/०७६/०७७ कायम भइ मिति २०७६/११/०२ मा दर्ता भएको **भैरब शिवशक्ति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. ।**<br>शेयरधनी/सञ्चालक तथा व्यक्तिगत जमानी दिने<br>**दिपक घले**<br>**सुमन गौतम**<br>**किशोर कुमार लामा**<br>**सुनिल गुरुङ**<br>व्यक्तिगत जमानी दिने<br>**जगत बहादुर घले**<br>**माया घले**<br>**चिनी माया गुरुङ**<br>**महारुद गौतम**<br>**भिम कुमारी गौतम**<br>**मंजुकुमारी चौलागाइ**<br>**लक्ष्मी कुमारी लामा**<br>**चोमाया गुरुङ** | १. कर्णखर गौतमको नाति, राम नाथ गौतमको छोरा, मकवानपुर जिल्ला, साविक हटिया गा.वि.स., वडा नं. ७ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. १७, मकवानपुर) बस्ने **महारुद्र गौतम**को नाममा दर्ता कायम रहेको मकवानपुर जिल्ला, साविक हटिया गा.वि.स., वडा नं. १ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. १७, मकवानपुर) स्थित कित्ता नं. ११८ को क्षेत्रफल ०–०–१८–०, ऐ. कित्ता नं. ११७ को क्षेत्रफल ०–०–१३–०, ऐ. कित्ता नं. १०३५८ को क्षेत्रफल ०–२–१५–० (विघा) जग्गा समेत ।<br>२. सेते घलेको नाति, जित बहादुर घलेको छोरा मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स., वडा नं. ८ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. १२, मकवानपुर) बस्ने **जगत बहादुर घले**को नाममा दर्ता कायम रहेको मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स., वडा नं. ८ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. १२, मकवानपुर) स्थित कित्ता नं. ५१३ को क्षेत्रफल ०–६–११–०, ऐ. कित्ता नं. १११५ को क्षेत्रफल ०–४–१२–०, ऐ. कित्ता नं. ५१८ को क्षेत्रफल ०–२–१७–०, ऐ. कित्ता नं. ५१६ को क्षेत्रफल ०–४–१८–०, ऐ. कित्ता नं. ३२२५ को क्षेत्रफल ०–१–२.५–० (विघा) जग्गा समेत ।<br>३. जीत बहादुर घलेको नाति, जगत बहादुर घलेको छोरा मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स., वडा नं. ८ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. १२, मकवानपुर) बस्ने **दिपक घले**कोनाममा दर्ता कायम रहेको मकवानपुर जिल्ला, साविक बसामाडी गा.वि.स., वडा नं. ५ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. ३, मकवानपुर) स्थित कित्ता नं. ३२६९ को क्षेत्रफल ०–०–१२–० (विघा) घर जग्गा समेत, ऐ. साविक पदमपोखरी गा.वि.स., वडा नं. ८ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. १२, मकवानपुर) स्थित कित्ता नं. १३२४ को क्षेत्रफल ०–४–०–० (विघा) जग्गा समेत ।<br>४. ऋणी **भैरव शिवशक्ती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** को नाममा दर्ता कायम रहेको मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स., वडा नं. ७ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. १२, मकवानपुर) स्थित कित्ता नं. १२०३ को क्षेत्रफल ०–६–५–० (विघा) जग्गा समेत ।<br>५. पञ्च बहादुर लामाको बुहारी, किशोर कुमार लामाको पत्नी, दल बहादुर घलानको छोरी मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स., वडा नं. ८ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. १२, मकवानपुर) बस्ने **लक्ष्मी कुमारी लामा**को नाममा दर्ता कायम रहेको मकवानपुर जिल्ला, साविक पदमपोखरी गा.वि.स., वडा नं. ७ (हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. १२, मकवानपुर) स्थित कित्ता नं. १२९८ को क्षेत्रफल ०–५–५–०, ऐ. कित्ता नं. १२९७ को क्षेत्रफल ०–१–०–० (विघा) जग्गा समेत ।<br>६. दुर्ग ध्वज गुरुङको नाति, शेरबहादुर गुरुङको छोरा चितवन जिल्ला, साविक चैनपुर गा.वि.स., वडा नं. ६ (हाल परिवर्तित खैरहनी न.पा., वडा नं. ३, चितवन) बस्ने **सुनिल गुरुङ**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साविक चैनपुर गा.वि.स., वडा नं. ५ (हाल परिवर्तित खैरहनी न.पा., वडा नं. ३, चितवन) स्थित कित्ता नं. ८ को क्षेत्रफल ०–४–८–० (विघा) घर जग्गा समेत, ऐ. साविक चैनपुर गा.वि.स., वडा नं. ५ (हाल परिवर्तित खैरहनी न.पा., वडा नं. ३, चितवन) स्थित कित्ता नं. ३२ को क्षेत्रफल ०–४–१३–० (विघा) जग्गा समेत ।<br>७. हिमालयन बैंक लि. (साविक सिभिल बैंक लि.) धनी, **भैरब शिवशक्ति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** ऋणी कायम भइ दर्ता भएका निम्न बमोजिमको सवारी साधनहरु:<br>i. ना १ क ९७६३ को इन्जिन नं. JO8ETM31368, च्यासिस नं. YYC14B1291 को KOBELCO EXCAVATOR - SK380XDLC ।<br>ii. ना ७ख ८५२३ को इन्जिन नं. HVHZ434844, च्यासिस नं. MB1HTLFC8HRVU8650 को Ashok Leyland – U2518 Tripper ।<br>iii. ना ८ख ४१२६ को इन्जिन नं. JXHZ446262, च्यासिस नं. MB1HTLFC2JRXZ8567 को Ashok Leyland – U2518 Tripper ।<br>iv. ना ८ख ७२८६को इन्जिन नं. 91E63789295, च्यासिस नं. MAT448137K3R13698 को TATA LPK 2518 TIPPER ।<br>v. बा.प्र. ००१ख १२४३ को इन्जिन नं. 12B63856119, च्यासिस नं. MAT448137M3R03217 को Tata -LPK2518 38 HDTripper ।<br>vi. बा.प्र. ००१ख १५४१ को इन्जिन नं. 12C63860528, च्यासिस नं. MAT448137M3R06165 को Tata -LPK2518 38 HDTripper ।<br>vii. बा.प्र. ००१ख १२४२ को इन्जिन नं. 12B63857411, च्यासिस नं. MAT448137MGR00080 को Tata -LPK2518 38 HDTripper ।<br>viii. प्र. ०३०१ ०२४ च१५१३ को इन्जिन नं. 1GD-4806686, च्यासिस नं. MR0BA8CD7002 34608 को Toyota -Gun 126 R DTFHH Hilux । |
| **शाखा कार्यालय : सुरुङ्गा, झापा**<br>१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. ७२१/८६५८ /१२/२१ कायम भइ मिति २०७२/१२/२१ मा दर्ता भएको **नम्रता ट्रेडर्स ।**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने<br>**चन्द्र प्रसाद तिवारी**<br>व्यक्तिगत जमानी दिने<br>**नम्रता ओली**<br>२. ब्रम्हलाल तिवारीको नाति, सुर्य प्रसाद तिवारीको छोरा झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा नं. ०९ (हाल परिवर्तित कन्काई न.पा., वडा नं. ०३) बस्ने **चन्द्र प्रसाद तिवारी ।**<br>व्यक्तिगत जमानी दिने<br>**नम्रता ओली** | ब्रम्हलाल तिवारीको नाति, सुर्य प्रसाद तिवारीको छोरा झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा नं. ०९ (हाल परिवर्तित कन्काई न.पा., वडा नं. ०३) बस्ने **चन्द्र प्रसाद तिवारी**को नाममा दर्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा नं. ०९ (हाल परिवर्तित कन्काई न.पा., वडा नं. ०३) स्थित कित्ता नं. ४९१९ को क्षेत्रफल ०–१५–०–० (विघा) जग्गा समेत । |
| **शाखा कार्यालय : सुनाकोठी, ललितपुर**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, काठमाण्डौमा प्रा.फ.नं. ४३०५१/१०६१ कायम भइ मिति २०७०/१०/०२ मा दर्ता भएको **ओराक फुड्स ।**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने<br>**राज करण श्रेष्ठ**<br>व्यक्तिगत जमानी दिने<br>**ओम कर्ण दास श्रेष्ठ**<br>**अपर्णा मास्के**<br>**भक्तिमाया श्रेष्ठ** | आशानारायण दास श्रेष्ठको बुहारी, भक्तलाल श्रेष्ठको छोरी, नारायण दास श्रेष्ठको पत्नी सिन्धुपाल्चोक जिल्ला, जलबिरे गा.बि.स वडा नं. ४ बस्ने **भक्तिमाया श्रेष्ठ**को नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, काठमाडौं म.हा.न.पा वडा नं. १० स्थित कित्ता नं. ५ को क्षेत्रफल ०–६–१–१ (रोपनी) जग्गा र घरसमेत । |
| **शाखा कार्यालय : बौद्ध, काठमाण्डौ**<br>१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा दर्ता नं. २२३५२४।०७६।७७ कायम भै मिति २०७६।०५।२० मा दर्ता भएको **श्री वंशी विजनेश प्रा. लि. ।**<br>सञ्चालक तथा व्यक्तिगत जमानी दिने<br>**मणिराज पराजुली**<br>व्यक्तिगत जमानी दिने<br>**मिरा घिमिरे पराजुली**<br>२. डिल्ली प्रसाद पराजुलीको नाति, राम प्रसाद पराजुलीको छोरा रौतहट जिल्ला, साविक, सन्तपुर (दो) गा.वि.स., वडा नं. ०३ को हाल परिवर्तित मधेश प्रदेश, रौतहट जिल्ला, फतुवा विजयपुर गा.पा., वडा नं. ५ बस्ने **मणिराज पराजुली ।** | १. डिल्ली प्रसाद पराजुलीको नाति, राम प्रसाद पराजुलीको छोरा रौतहट जिल्ला, साविक, सन्तपुर (दो) गा.वि.स., वडा नं. ०३ को हाल परिवर्तित मधेश प्रदेश, रौतहट जिल्ला, फतुवा विजयपुर गा.पा., वडा नं. ५ बस्ने **मणिराज पराजुली**को नाममा दर्ता कायम रहेको मधेश प्रदेश, रौतहट जिल्ला, सन्तपुर (म).न.पा., वडा नं. ३ स्थित कि.नं. २९६ को क्षे.फ. ०-०-१७ १/२, ऐ.ऐ. कि.नं. २९७ को क्षे.फ. ०-०-१७ १/२, ऐ.ऐ. कि.नं. ५६१ को क्षे.फ. ०-२-०, ऐ.ऐ. वडा नं. ४ स्थित कि.नं. १९४५ को क्षे.फ. ०-२-१८ १/२, ऐ.ऐ. कि.नं. १९४९ को क्षे.फ. ०-०-७ ३/४, ऐ. ऐ. कि.नं. १९४४ को क्षे.फ. ०-४-१७ ३/४ को जग्गा समेत ।<br>२. राम प्रसाद पराजुलीको बुहारी, मणिराज पराजुलीको पत्नी रौतहट जिल्ला, साविक, सन्तपुर (दो) गा.वि.स., वडा नं. ०३ हाल परिवर्तित मधेश प्रदेश, रौतहट जिल्ला, फतुवा विजयपुर गा.पा., वडा नं. ५ बस्ने **मिरा घिमिरे पराजुली**को नाममा दर्ता कायम रहेको काठमाडौं जिल्ला, साविक सितापाईला गा.वि.स., वडा नं. १ को हाल परिवर्तित वाग्मती प्रदेश, काठमाडौं जिल्ला, नागार्जुन न.पा., वडा नं. ०१ स्थित कि.नं. १४५ को क्षेत्रफल १०५.३१ व.मि. जग्गा समेत । |

जब ब्याजदर कम हुँदै जान्छ घरमालिकहरू आफ्नो घरको पुनर्वित्तीयकरण गर्छन् भने व्यवसायले आफ्नो ऋण पुनर्वित्तीयकरण गर्छ ।

**- एलिजावेथ वारेन**

सम्पादकीय

# एनपीएल र खेल अर्थतन्त्र

ठूला खेलकुद प्रतियोगिताहरूले मुलुकको अर्थतन्त्रमा निकै सकारात्मक प्रभाव पार्ने भएकाले फुटबल, क्रिकेट खेल र ओलम्पिक खेलको आयोजना गर्न देशहरूबीच प्रतिस्पर्धा नै हुने गरेको छ । नेपालले विश्व खेलकुदमा उच्च स्थान ओगट्न नसके पनि बिस्तारै क्रिकेटको माध्यमबाट अन्तरराष्ट्रिय छवि बनाउन थालेको छ । यसै सन्दर्भमा अहिले नेपालमा नेपाल प्रिमियर लीगको आयोजना हुन लागेको छ जसले नेपालको अर्थतन्त्रमा समेत केही प्रभाव पार्न सक्छ । यद्यपि नेपालमा खेलकूद प्रायोजन गर्न व्यावसायिक कम्पनीहरूबीच उच्च प्रतिस्पर्धा भने कमै हुने गरेको छ ।

अहिले एनपीएल खेलका लागि सुदूरपश्चिम रोयल्स, लुम्बिनी लायन्स, कर्णाली याक्स, जनकपुर बोल्ट्स, चितवन राइनोज, विराटनगर किंग्स, काठमाडौं गोर्खाज र पोखरा एभेन्जर्ससहित आठओटा टिम भिड्दै छन् । क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान)का अनुसार एउटा टोलीले लिगका सातओटा खेल तथा प्लेअफ हुँदै फाइनल खेलमा १० खेल खेल्नुपर्ने भएकाले एउटा खेल खेल्दा करीब १ करोड ३० लाख रुपैयाँसम्म खर्च हुन सक्ने अनुमान गरिएको छ । यी खेलकुदका लागि क्लबहरूले विदेशी खेलाडी अनुबन्ध गरेका छन् । त्यसका लागि केही रकम विदेशिए पनि त्यसले भोलिका दिनमा नेपाली खेलाडीले विदेशी क्लबमा अनुबन्ध हुनका लागि आधार तयार पार्ने देखिन्छ । त्यस्तै विदेशी खेलाडीहरू नेपाली क्लबबाट खेल्दा ती देशका दर्शकले नेपाली खेल हेर्ने र त्यसले नेपालको प्रचार हुने देखिन्छ जसले कुनै न कुनै रूपमा नेपालको अर्थतन्त्रलाई सहयोग गरिरहेको हुन्छ ।

त्यसैले खेलकुद भनेको हारजितको विषयमात्र होइन । त्यससँग मुलुकको प्रतिष्ठा जोडिएको हुन्छ । त्यस्तै खेल कूटनीति यसको अर्को बलियो पक्ष हो । त्यसमा पनि अर्थतन्त्र अझ महत्त्वपूर्ण हुन्छ । एउटा खेल आयोजना हुँदा खेलाडीको बसोवासदेखि दर्शकलाई विक्री गरिने टिकटसम्मको खर्चको कुरा आउँछ । त्यस्तै खेल दर्शकले गर्ने खर्चले पनि अर्थतन्त्रमा प्रभाव पार्छ । अहिले एनपीएल खेलको प्रत्यक्ष प्रसारण स्टारस्पोर्टस

**खेलकुदसँग आबद्ध भौतिक संरचनाको सुधार आवश्यक छ, नियमित खेलकुद आवश्यक छ, अनि स्वदेशी अवस्था जे जस्तै भए पनि विदेशी टीमलाई आमन्त्रित गर्न आवश्यक छ । आईपीएल वा अन्य यस्तै प्रतियोगिता नेपालमा आयोजना गर्न सके मात्र पनि नेपालले खेलकुदसँग आबद्ध अर्थतन्त्रको पक्ष बुझ्थ्यो र यसमा लगानी गर्थ्यो ।**

च्यानलबाट गर्न सम्झौता भएको छ । अहिले क्यानले समय किन्नु परेको छ तर भारतको आईपीएल जस्तै यसले पनि दर्शकको मन जित्न सक्यो भने भोलिका दिनमा खेल प्रसारणका लागि च्यानलले पैसा तिर्नुपर्ने अवस्था पनि आउन सक्छ ।

नेपाल क्रिकेट खेलका लागि उपयुक्त स्थान हो । यसबाट खेल पर्यटनको सम्भावना उजागर हुन्छ । तर, दुर्भाग्य अहिलेसम्म नेपालमा एउटा पनि अन्तरराष्ट्रिय स्तरको गतिलो क्रिकेट मैदान छैन । निर्माणाधीन मैदानहरू बनिसकेका छैनन् । त्यसैले ठूला क्रिकेट स्टेडियम बन्न सके एनपीएलको प्रचारबाट खेल पर्यटन शुरू गर्न सकिन्छ । भारत र पाकिस्तानबीच विवाद भएर कतिपय खेल हुन नसकिरहेको अवस्था छ । यदि नेपाल जस्तो देशमा खेल भएमा दुवै देश सहभागी हुने अवस्था आउँछ । नेपालको मौसम पनि क्रिकेट खेलका लागि सुहाउँदो छ । त्यसैले खेलकुद पर्यटनका लागि पनि एनपीएल सहयोगी हुने देखिन्छ ।

सर्वप्रथम त खेलकुदसँग आबद्ध भौतिक संरचनाको सुधार आवश्यक छ, नियमित खेलकुद आवश्यक छ, अनि स्वदेशी अवस्था जे जस्तै भए पनि विदेशी टीमलाई आमन्त्रित गर्न आवश्यक छ । आईपीएल वा अन्य यस्तै प्रतियोगिता नेपालमा आयोजना गर्न सके मात्र पनि नेपालले खेलकुदसँग आबद्ध अर्थतन्त्रको पक्ष बुझ्थ्यो र यसमा लगानी गर्थ्यो । यसका लागि एनपीएल एउटा प्रारम्भ विन्दु बन्ने आशा गर्न सकिन्छ ।

# सुशासनका लागि 'कुलिङ अफ पिरियड'

## सरकारी नियुक्तिमा अनिवार्य गर्न आवश्यक



**अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उच्च तहका कुनै पनि निजामती कर्मचारीलाई अवकाशपछि नियुक्ति दिनु उचित होइन । स्वतन्त्र विज्ञहरूबाट प्रतिस्पर्धा गराएर नियुक्ति दिनुपर्छ । यसबारे संसद्मा समेत सहमति जुटेको बताइन्छ ।**

**- कृष्ण प्रधान**

संस्थागत सुशासनमा 'कुलिङ अफ पिरियड'को व्यवस्थाले खासगरेर सार्वजनिक र नीतिगत तहमा बसेका उच्च तहका कर्मचारीहरूलाई तिनको अवकाशपछि निजीक्षेत्रमा जागीर खान जाँदा लगाइएको कुनै आवधिक बन्देजलाई बुझाउँछ । यो एक प्रकारको चिस्यान समय पनि हो । अर्थात् सरकारी उच्च तहमा बसेका कनै कर्मचारी अवकाशको लगत्तै कुनै कम्पनीमा जागीर खान जाँदा उसको विगतको हैकम प्रभुत्वले नीतिगत विषय र काम कारबाहीमा प्रभाव पार्न सक्छ र त्यसले स्वार्थको द्वन्द्वको स्थिति सृजना गर्छ भन्ने नै हो । यसो भयो भने ती संस्थामा संस्थागत सुशासनको उपस्थितिमा खलल पुग्छ र त्यस खाले स्थितिलाई नियन्त्रण गर्न जरुरी हुन्छ भन्ने नै कुलिङ अफ पिरियडको मुल अभीष्ट हो । तर, नेपालमा भने संस्थागत सुशासनको जहिल्यै कुरा गर्ने सरकारले उच्च तहका निजामती कर्मचारीहरूलाई यसखाले कुलिङ अफ पिरियडको अहिलेसम्म पनि थालनी गर्न सकेको देखिएन । बरु उल्टै, मानमाथि सम्मान भनेझैं अवकाश हुनेबित्तिकै वा केही कालपछि तिनैलाई राम्रा राम्रा स्थान जस्तै : आयोग, संवैधानिक निकाय, कूटनैतिक नियोगहरू आदिमा नियुक्ति दिएको देखिन्छ । खासगरेर अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उच्च तहका कुनै पनि निजामती कर्मचारीलाई अवकाशपछि नियुक्ति दिनु उचित होइन भनेर संसदीय समितिहरूमा बृहद् छलफल हुन थालेको र करीब अधिकांश सांसदहरू त्यसमा स्वतन्त्र विज्ञहरूबाट प्रतिस्पर्धा गराएर नियुक्ति दिनुपर्छ भन्ने कुरामा सहमत भएको चर्चा बाहिरिएको छ । पक्कै पनि यो राम्रो विचारको थालनी हो । हो, यहीँनेर आवश्यक पर्छ कुलिङ अफ पिरियडको व्यवस्था । निजामतीमा मात्र होइन सेना, प्रहरी र राजनीतिक क्षेत्रमा पनि यसको औचित्य देखिन्छ ।

नेपालको केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) उच्च पदस्थ कर्मचारीहरूलाई तिनका अवकाशपछि कुलिङ अफ पिरियिड लागू गर्ने सम्भवतः नेपालकै पहिलो संस्था हो । केन्द्रीय बैंकका गभर्नर, डेपुटी गभर्नर र कार्यकारी निर्देशकलाई त्यहाँबाट अवकाशपछि अर्को कुनै बैंक वित्तीय संस्थामा कुनै पनि प्रकारको जागीर खानका लागि केही वर्ष बन्देज गरिने नीति नै यस्तो कुलिङ आफ पिरियड हो । र, यो अवकाश भएको समयदेखि लगत्तै लागू हुन्छ । अर्थात् केन्द्रीय बैंकबाट अवकाश भएको २ या ३ वर्ष व्यतीत भएपछि मात्र केन्द्रीय बैंकबाट इजाजत पाएका कुनै अर्को वित्तीय संस्थामा जागीर खान पाइने भन्ने यसको अर्थ हो । यो नीतिको छिद्र टेकैरै कतिपयले सो बैंकको इजाजत लिन नपर्ने अन्य खाले वित्तीय संस्थाहरू जस्तै : बीमा कम्पनी, सञ्चय कोष, प्राधिकरण, आयोग आदिमा केन्द्रीय बैंकको अवकासपछि लगत्तै जागीर खाएका उदाहरण प्रशस्तै छन् । त्यो आआफ्नो बलबुता र सत्ताअनुकूल सम्पर्कको कुरा पनि होला । मूल कुरा कुलिङ अफ पिरियडले नीति निर्माण तहमा बसिसकेका उच्च्चपदस्थ कर्मचारी अवकाशपछि लगत्तै कुनै वित्तीय संस्थाहरूमा ( केन्द्रीय बैंकको इजाजत लिएका वित्तीय संस्था) सेवा गर्न पुग्दा तिनले केन्द्रीय बैंकको काम कारबाहीमाथि केही न केही प्रभाव पार्छन्, त्यहाँ स्वार्थ बाझिने हुन्छ भन्ने संस्थागत सुशासनको एउटा पाटो हो । त्योबाहेक यसको आर्को कुनै आसय होइन पनि । गभर्नर भइसकेको व्यक्तिलाई हाल बैंक वित्तीय संस्थामा कुनै पनि सेवामा रहन नपाइने नियमन छ भने केन्द्रीय बैंकका अन्य उच्च अधिकृतहरू र कर्मचारीहरूको हकमा विभिन्न अवधिका कुलिङ अफ पिरियडको व्यवस्था छ ।

केही वर्षपहिले यो अवधि धेरै भयो भनी यसलाई कम गर्नुपर्छ भन्दै त्यसको परिवर्तनका लागि विभिन्न प्रयासहरू नभएका पनि होइनन् । यसै सन्दर्भमा कुलिङ अफ पिरियडसम्बन्धी व्यवस्थामाथि पुनरवलोकन गर्नेगरी नेपाल राष्ट्र बैंक ऐन संशोधनको प्रस्ताव संसद्मा लगिएको पनि हो । ऐनको पछिल्लो संशोधनबाट अन्य कर्मचारीका लागि पनि कुलिङ अफ पिरियडसम्बन्धी व्यवस्था थप मात्र गरिएन त्यस्ता कर्मचारीले केन्द्रीय बैंकबाट इजाजतप्राप्त कुनै पनि वित्तीय संस्थामा कुलिङ अफ पिरियडपछि जागिर खाने हो भने केन्द्रीय बैंकको स्वीकृति लिनुपर्ने सम्मको कडाइ गरिएको छ । कुलिङ अफ पिरियडको समाप्तिपछि पनि केन्द्रीय बैंकको इजाजत लिनुपर्ने व्यवस्थाचाहिँ अलिक व्यावहारिक छैन । कतै जागिरको पक्कापक्की हुँदाले मात्र भएन केन्द्रीय बैंकले स्वीकृति दिने भन्ने कुरा उसको तजबिजीको कुरा भएकाले दिनैपर्छ वा दिन्छ भन्ने कुनै ग्यारेन्टी नहुँदा त्यसखाले व्यवस्थाको संशोधनको आवश्यकता देखिन्छ । तथापि, कुलिङ अफ पिरियड नै अनावश्यक भन्ने तर्कचाहिँ उचित होइन । खासगरेर, केन्द्रीय बैंकका उच्च पदाधिकारीहरूमध्ये गभर्नर, डेपुटी गभर्नर र कार्यकारी निर्देशक तहमा काम गरेका/गर्ने पदाधिकारी नीति निर्णय तहमा बस्ने र तिनले आफ्नो विगतको पदीय प्रभाव अरू वित्तीय संस्थामा पार्ने सम्भावना अधिक रहेको हुन्छ । केन्द्रीय बैंक एक नियमनकारी निकाय भएकाले वित्तीय क्षेत्रमा त्यसको बहुआयामिक प्रभाव रहिरहने हुँदा पनि त्यहाँ काम गर्ने उच्च पदस्थ कर्मचारीका लागि कुलिङ अफ पिरियडको बन्धन आवश्यक देखिन्छ ।

केन्द्रीय बैंक मात्र होइन, नीति निर्णय र नियमनकारी संस्थाहरूमा कार्यरत जो कोही उच्चपदीय कर्मचारीलाई अवकाशपछि केही निश्चित अवधिसम्म कुलिङ अफ पिरियडको प्रावधान कानूनीरूपमै राखिनु अहिलेको आवश्यकता हो । जस्तो : सरकारका मन्त्रीहरू, सचिवहरू, संवैधानिक निकायका सदस्य, सर्वोच्च अदालतका न्यायाधीश, सैनिक जनरल, प्रहरी, गुप्तचर र सशस्त्रका उच्च पदाधिकारी, विभिन्न आयोगका उच्चपदस्थ अधिकारी, बीमा समिति, धितोपत्र बोर्ड, कम्पनी रजिस्ट्रार कार्यालय र सहकारी संस्थाहरूलाई नियमन गर्ने निकायका उच्चपदीय अधिकारीहरूका लागि कुलिङ अफ पिरियडको खाँचो छ । सरकारले साँच्चै सुशासनका लगि काम गर्ने हो भने यो व्यवस्था आआफ्ना स्थानहरूमा राखेर कार्यान्वयनमा ल्याउनैपर्छ । केन्द्रीय बैंकले निकै अगाडिदेखि शुरू गरेको कुलिङ अफ पिरियडको व्यवस्थाजस्तै व्यावहारिक रूपले कुनै समस्या भए तिनलाई सुधार गरी अन्य क्षेत्रले पनि सिको गर्नु जरुरी भइसकेको छ । अहिलेको व्यवस्थाले केन्द्रीय बैंकबाट इजाजतप्राप्त वित्तीय संस्था (चार वर्गका वित्तीय संस्था)हरूमा मात्र त्यस्तो कुलिङ अफ पिरियडको प्रावधान लागू हुने देखिएकाले यसलाई विस्तार गरेर अन्य वित्तीय संस्थाहरू जस्तै : बीमा, वित्तीय कोषहरू, धितो बोर्डअन्तर्गतका वित्तीय संस्थाहरूमा समेत लागू हुने व्यवस्था गर्नुपर्ने आवश्यकता पनि देखिएको छ । किनभने बैंकिङ र वित्तीय संस्थाहरूमा परस्परको नेक्सस हुने हुँदा त्यहाँ नियन्त्रण आवश्यक देखिन्छ ।

**सरकारको कोषबाट पेन्सन पनि खाने र कुनै राजनैतिक नियुक्ति भइहालेको खण्डमा त्यहाँका सबै सुविधा पनि लिने पदाधिकारीको नेपालमा अहिले पनि अभाव छैन । यस खाले प्रवृत्ति रोक्न पनि कुलिङ अफ पिरियडको व्यवस्था गर्न अनिवार्य भइसकेको छ ।**

कुलिङ अफ पिरियडको व्यवस्था संस्थागत सुशासनसित जोडिएको विषय हो । नैतिक इमानदारी भएकाहरूका लागि त यस्तो व्यवस्था किन आवश्यक पर्थ्यो र ? जागीर नै सबैथोक ठान्ने र सत्ता र शक्ति नै सबैथोक लाग्नेहरूका लागि यस खाले व्यवस्थाको आवश्यकता पर्ने हुन्छ । खासगरेर नेपालको प्रशासनिक परिवृत्तमा लत यो झनै आवश्यक देखिएको छ ।

कुलिङ अफ पिरियडको व्यवस्था गर्दा यस्तो कुलिङ अफ पिरियड कति गर्ने ? कुनचाहिँ आदर्श अवधि हो ? भन्नेचाहिँ संसारमा कतै पनि एउटै अवधि कायम रहेको देखिँदैन । कतिपय देशहरूमा यस्तो अवधि अधिकतम २ वर्ष (फ्रान्स र पोर्चुगलमा ३ वर्ष) राखिएको देखिन्छ । भ्रष्टाचारविरुद्धको अभियानमा लागेको ट्रान्सपारेन्सी इन्टरनेशनल नामक अन्तरराष्ट्रिय मानव अधिकारसम्बन्धी संस्थाले विश्व बैंकलाई यस्तो अवधी २ वर्षको गर्नुपर्छ भनी सुझाव दिएको पनि छ । नेपालजस्तो संस्थागत सुशासनको अभाव भइरहेको र भ्रष्टाचारजन्य कार्यकलापको बिगबिगी भइरहेको मुलुकका लागि त त्यहाँ सुधार चाहने हो भने यस्तो कुलिङ अफ पिरियडसम्बन्धी व्यवस्था गर्नु जरुरी मात्र होइन, अनिवार्य पनि छ ।

कुलिङ अफ पिरियडसम्बन्धी व्यवस्था सरकारी क्षेत्रमा पहिले नै आउनु पर्थ्यो । किनभने मन्त्री, सांसद, सचिव/मुख्य सचिव र सेना/प्रहरीका उच्च पदाधिकारीहरूको प्रभुत्व/पहुँच केन्द्रीय बैंकका अधिकारीहरूको भन्दा कम आँक्न मिलोइन । बेलायतमा मन्त्रीहरूलाई अवकास पाएको २ वर्षसम्म कुनै पनि सरकारी क्षेत्रमा लबिइङ गर्न नपाइने व्यवस्था छ । नर्बेमा अवकासपछि राजनीतिज्ञहरूलाई ६ महीना र सेनाका उच्च अधिकारीहरूलाई २ वर्षसम्म निजीक्षेत्रमा काम गर्न बन्देज छ । स्पेनमा सरकारी कर्मचारीहरूलाई २ वर्षको र पोर्चुगलमा ३ वर्षको कुलिङ अफ पिरियड कायम रहेको देखिन्छ ।

सरकारी हुन् वा अन्य कुनै पनि नियमनकारी संस्थाहरूमा बसिसकेका उच्च तहका अधिकारीहरू हुन् तिनको नीतिगत पहुँच हुने र विगतमा ती त्यस खाले नीति निर्माणमा समेत संलग्न भएका कारण त्यस्ता कर्मचारीहरूलाई अवकासपछि लगत्तै निजीक्षेत्रमा जागीर खानका लागि वा तिनको कुनै संलग्नताका लागि केही समय बन्देज लगाइने/लगाइएको व्यवस्था नै कुलिङ अफ पिरियड हो । यो अवधारणा संस्थागत सुशासनसित प्रत्यक्ष सरोकार राख्ने विषय पनि हो । खासगरेर, सरकारमा बसेका मन्त्रीहरू र सांसद, सर्वोच्च न्यायालयका न्यायाधीशहरू, संवैधानिक निकायका उच्च पदाधिकारीहरू, सरकारी उच्च कर्मचारीहरू, सेना र प्रहरी सेवाका उच्च पदाधिकारीहरू एवम् नियमनकारी कुनै पनि निकायमा बसेका उच्च पदीय कर्मचारीहरूलाई तिनको अवकाशपछि लगत्तै कुनै पनि निजीक्षेत्रको जागीर वा संलग्नतालाई केही अवधिसम्म बन्देज लगाइनु जरुरी हुन्छ । यस्तो व्यवस्था स्वार्थ बाझिने नहोस् भन्ने उद्देश्यले ल्याइएको हुँदा संस्थागत सुशासनको उपस्थितिका लागि त यसको झनै आवश्यकता हुन्छ । तर, त्यसको सफल कार्यान्वयन र तिनको अनुगमन गर्ने बलियो निकाय नबनेसम्म त्यो सफल भने हुन सक्दैन । उदाहरणका लागि नेपालकै कुरा गर्दा घर हुने सांसद र मन्त्रीहरूले घरभाडा पनि लिने र स्वकीय सचिवलगायत सहयोगी कर्मचारीहरूको नियुक्तिविना नै तिनका तलबभत्ता समेत आफ्ना खातामा जम्मा गर्ने/गराउने प्रवृत्ति विगतमा देखियो, भेटियो । बहुदलीय व्यवस्थाका कुनै कालखण्डमा सांसदहरूले सुत्केरी भत्तासमेत पचाएकै हुन् । हालसालैको चर्चामा रहेको सहकारी ठगी प्रकरणमा सत्ता र शक्तिमै बसेकाहरूकै हालिमुहाली देखियो । सरकारको कोषबाट पेन्सन पनि खाने र कुनै राजनीतिक नियुक्ति भइहालेको खण्डमा त्यहाँका सबै सुविधा पनि लिने पदाधिकारीको नेपालमा अहिले पनि अभाव छैन । यस खाले प्रवृति रोक्न पनि कुलिङ अफ पिरियडको व्यवस्था गर्न अनिवार्य भइसकेको छ । ढिलै भए पनि सरकारले यो कार्यको थालनी गर्नसक्यो भने संस्थागत सुशासनमा एउटा छलाङ आउनसक्छ ।

*प्रधान नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।*

टिप्पणी

# सामाजिक सुरक्षा कोषको विफलता

औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको सामाजिक सुरक्षाको कार्यक्रम सञ्चालन गर्न शुरू गरिएको सामाजिक सुरक्षा कोषले स्थापनाको ६ वर्ष बिताउँदा पनि साढे ५ लाखभन्दा बढी कामदारलाई यसमा आबद्ध गर्न सकेको छैन । यसमा अनौपचारिक क्षेत्रलाई समेट्न नसकिएको मात्र होइन, संगठित संस्थामा काम गर्ने कामदारलाई समेत सामाजिक सुरक्षामा आबद्ध गर्न सकिएको छैन । यसले गर्दा जुन अवाधारणाका साथ यो कार्यक्रम अघि सारिएको थियो त्यसको लक्ष्यमा पुग्न सक्ने सम्भावना कम देखिएको छ ।

अहिले सरकारले वैदेशिक रोजगारीमा जानेलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुन अनिवार्य गरेकाले कुल योगदानकर्ताको संख्या झन्डै १८ लाख पुग्न लागेको छ । तर, यसमा १२ लाखभन्दा बढी वैदेशिक रोजगारीमा जानेहरू रहेका छन् । मुलुकभित्र विभिन्न पेशाव्यवसाय गर्नेहरू सामाजिक सुरक्षाबाट वञ्चित गरिएका छन् । राजधानीमा सञ्चालित कम्पनीहरू, शैक्षिक संस्थाहरू यसमा आबद्ध भइरहेका छन् । तिनलाई अनिवार्य गर्न कोषले ताकेता गर्न सकेको छैन । बैंक तथा वित्तीय संस्थाहरूले गरेको विरोधका कारण पनि यसमा आबद्ध हुन नचाहनेहरूलाई बहाना मिलेको छ । कोषले पनि जसले सामाजिक सुरक्षा पाएको छैन तिनलाई आबद्ध गर्न अनिवार्य गर्नुपर्नेतर्फ लाग्नुपर्ने हो तर उसले राम्रो सामाजिक सुरक्षा पाइरहेका बैंक तथा वित्तीय संस्थालाई आबद्ध गर्न बढी जोडबल गर्दा समस्या भएको देखिन्छ । त्यसैले कोषले संगठित सबै संस्थालाई कोषमा आबद्ध गराउनु आवश्यक छ ।

नेपालमा सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा निकै भद्रगोल छ । झन्डै सयको हाराहारीमा विभिन्न नामका सामाजिक सुरक्षाका कार्यक्रम छन् । तिनमा एउटै व्यक्तिले विभिन्न सुविधा लिएको पाइन्छ भने अर्कातिर राज्यको स्रोतले यो कार्यक्रम धान्न नसक्ने अवस्था आइसकेको छ । त्यसो हुँदा सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत गर्न अनिवार्य भइसकेको छ । यसमा जति विलम्ब हुन्छ त्यति नै मुलुकको वित्तीय स्रोतमा दबाब परिरहन्छ । सामाजिक सुरक्षा कोषको अवधारणा एकीकृत सामाजिक सुरक्षा नै भएकाले सबै नागरिकलाई यसमा आबद्ध गराउनु आवश्यक छ । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन सफल रूपमा हुन सक्यो भने बल्ल राज्यले यो कार्यक्रमलाई धान्न सक्छ । यसका लागि सरकारले पनि सामाजिक सुरक्षा कोषमा केही रकम हालिदिने गर्नु उपयुक्त हुन्छ । सरकारी कर्मचारीले पेन्सनलगायत सुविधा पाउने र निजीक्षेत्रमा कार्यरत कर्मचारीले केही पनि नपाउने अवस्थाको अन्त्य गर्न रोजगारदाता र कामदार दुवैको योगदानमा यो सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा आएको छ ।

अर्को, कोषको काम प्रभावकारी देखिएको छैन । ऊसँग झन्डै १ खर्ब रुपैयाँ भए पनि उसले त्यसलाई विभिन्न क्षेत्रमा लगानी गरी मुनाफा लिन सकेको छैन । यसो गर्न सक्यो भन्यो त्यसको प्रतिफल योगदानकर्ताले पनि पाउँछन् । यस्तै प्रकृतिको कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषले आफ्नो स्रोतको उच्चतम परिचालन गरी योगदानकर्तालाई विभिन्न सुविधा दिएका छन् र मुनाफाको केही अंश दिने पनि गरेका छन् । त्यसो हुँदा यी दुवै कोषप्रति कर्मचारीमा आकर्षण छ । तर, सामाजिक सुरक्षा कोष यी भन्दा कान्छो भएको र क्षमता विकास गर्न नसकेकाले पनि आफूसँग भएको रकमको उपयुक्त परिचालन गर्न सकेको छैन ।

लक्ष्यअनुसार काम गर्ने हो भने सामाजिक सुरक्षा कोषसँग खर्बौं रुपैयाँ जम्मा हुने देखिन्छ । तर, ५-६ लाख योगदानकर्ता भएको कर्मचारी सञ्चय कोषले जत्तिको काम यसले गर्न सकेको छैन । भोलिका दिनमा यसको आकार निकै बढ्ने देखिन्छ । त्यसो हुँदा यसको स्रोत पूर्वाधार निर्माणलगायत क्षेत्रमा परिचालन गरी योगदानकर्तालाई बढी सुविधा दिन सकिन्छ । त्यसतर्फ कोषले काम थाल्न ढिला गर्नु हुँदैन ।

अर्को, कोषप्रतिको अविश्वास अझै धेरै कर्मचारीमा रहेको छ । आफैले जम्मा गरेको पैसा उसले मासिक रूपमा फिर्ता गर्ने मात्र हो भने त्यसको कुनै अर्थ छैन । त्यसैले यसमा सरकारको पनि केही योगदान हुनु आवश्यक । सामाजिक सुरक्षा कोष बलियो हुनु भनेको सामाजिक सुरक्षाको दायित्व राज्यलाई कम पर्नु हो । त्यसो हुँदा यसको क्षमता बढाउन, लगानीको अवसर दिलाउन सरकार उदार बन्नुपर्छ ।

**चालू आर्थिक वर्षको प्रथम तीन महीनामा भएको चियाको आयात** (रु हजारमा)

| हार्मोनिक सिस्टमकोड | मुलुक | एकाइ | परिमाण | आयात मूल्य | भन्सार राजस्व |
|---|---|---|---|---|---|
| ०९०२१००० | चीन | केजी | ११ | १५ | ९ |
| ०९०२१००० | फ्रान्स | केजी | ० | १ | १ |
| ०९०२१००० | हङकङ | केजी | २ | १ | १ |
| ०९०२१००० | भारत | केजी | २२३ | ५९७ | ३४७ |
| ०९०२१००० | जापान | केजी | ७६ | १२१ | ७० |
| ०९०२१००० | सिंगापुर | केजी | २ | ८ | ५ |
| ०९०२२००० | चीन | केजी | २४० | १० | ४ |
| ०९०२२००० | हङकङ | केजी | ३ | १ | ० |
| ०९०२२००० | भारत | केजी | २३० | ७४ | ३० |
| ०९०२२००० | जापान | केजी | ० | ० | ० |
| ०९०२२००० | थाइल्यान्ड | केजी | ४७५ | १५६ | ६२ |
| ०९०२३००० | अस्ट्रेलिया | केजी | ५ | ६ | ३ |
| ०९०२३००० | चीन | केजी | २५२ | ३४९ | २०३ |
| ०९०२३००० | भारत | केजी | १८२ | ६०७ | ३५३ |
| ०९०२३००० | रिपब्लिक कोरिया | केजी | २ | १ | १ |
| ०९०२४००० | चीन | केजी | १,७०० | ६४८ | ३७७ |
| ०९०२४००० | भारत | केजी | ९,३२२ | ७,५७१ | ४,४०७ |
| ०९०२४००० | इन्डोनेसिया | केजी | ० | ३ | १ |
| ०९०२४००० | कतार | केजी | १ | १ | १ |
| ०९०२४००० | श्रीलंका | केजी | १,५८३ | २,४३० | १,४१४ |
| ०९०२४००० | थाइल्यान्ड | केजी | २२५ | १०९ | ६३ |

*स्रोत : भन्सार विभाग*

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

# काठमाडौं–वीरगञ्ज सडक व्यापारिक मार्ग बनाउने तयारी

सरकारले काठमाडौं- वीरगञ्ज सडक खण्डलाई मालसामान ढुवानीका लागि उपयुक्त व्यापारिक मार्गका रूपमा विकसित गर्ने भएको छ । विश्व बैङ्क र एशियाली विकास बैङ्क (एडीबी) को आर्थिक सहयोगमा व्यापारिक मार्गका रूपमा विकसित गर्न सडक चौडा गर्न थालिएको सडक विभागका उपमहानिर्देशक देवेन्द्र कार्कीले अभियानलाई बताए ।

'यस सडक खण्डको कालोपत्रेमा अहिलेको भन्दा गुणस्तर वृद्धि गरिनेछ,' उनले भने, 'नेपाल-भारतबीचको व्यापारलाई सहज बनाउन यो मार्गले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।' नेपाल-भारत व्यापार सहजीकरण कार्यक्रमअन्तर्गत उक्त सडक चौडा तथा स्तरोन्नति गर्न थालिएको हो । अहिले सो सडक खण्डको गुणस्तर ढुवानीका लागि नभई यात्रु सवारीसाधन आवागमनका लागि मात्र उपयुक्त रहेको विभागको भनाइ छ ।

व्यापारिक मार्ग बनाउन पहिलो चरणमा नारायणगढ-मुग्लिङ सडक चौडा गर्न थालिएको हो । यसका लागि विश्व बैङ्कसँग सम्झौता गर्ने तयारी भइरहेको विभागले बताएको छ । '३६ किलोमीटर पर्ने सो खण्ड चौडा गर्न र कालोपत्रेको गुणस्तर वृद्धि गर्न रू. २ अर्ब २५ करोड खर्च लाग्ने अध्ययनले देखाएको छ,' कार्कीले भने, 'अहिले उक्त सडकको वातावरणीय र सामाजिक प्रभावको विषयमा अध्ययन भइरहेको छ ।' विभागका अनुसार केही दिनभित्रै उक्त अध्ययन प्रतिवेदन सार्वजनिक गरिनेछ ।

**वर्ष ८, अंक ७५, सोमवार १८ मङ्सिर, २०६९**




तस्वीर : रासस

धनगढी उपमहानगरपालिका-२, कृष्णनगरमा गरिएको व्यावसायिक गोलभेडा खेतीमा किटनाशक औषधि छर्किंदै किसान ।

# कालीगण्डकी कोरिडोरले बदलिँदै दुर्गमको परिचय

बलेवा (बागलुङ) । काठमाडौंको बसपार्क क्षेत्रमा सञ्चालनमा रहेको होटेलको शाखा अहिले गुल्मीको कालीगण्डकी गाउँपालिका-२, अर्बेनीमा फस्टाइरहेको छ । दुवै छिमेकी राष्ट्र भारत र चीनलाई जोड्ने छोटो दूरीको कालीगण्डकी कोरिडोरले काठमाडौंमा चलिरहेको होटलको शाखा अर्बेनी ल्याएको हो ।

पहाडी जिल्लाका लागि कोसेढुंगा बनिरहेको कोरिडोर धमाधम कालोपत्र हुन थालेपछि होटेलका सञ्चालक बाबुराम न्यौपाने काठमाडौंमा चलेको होटल छोराको जिम्मा लगाएर अर्बेनी आए । अर्बेनी झरेका न्यौपाने दम्पतीलाई अहिले उत्तरबाट दक्षिण र दक्षिणबाट उत्तर घुम्न आउने पर्यटकलाई स्वागत गर्न भ्याइनभ्याई छ । राष्ट्रिय गौरवको यो आयोजनाले धेरै ग्रामीण क्षेत्रलाई जोड्दै उत्तर-दक्षिण छोएको छ । कालीगण्डकी नदीको किनारैकिनार बनेको राजमार्गले बागलुङ र पर्वतका दुर्गम गाउँलाई शहरसँग जोडेको छ ।



**राष्ट्रिय गौरवको यो आयोजनाले धेरै ग्रामीण क्षेत्रलाई जोड्दै उत्तर-दक्षिण छोएको छ । कालीगण्डकी नदीको किनारैकिनार बनेको राजमार्गले बागलुङ र पर्वतका दुर्गम गाउँलाई शहरसँग जोडेको छ ।**

ग्रामीण क्षेत्रमा विस्तारै व्यावसायिक वातावरण बन्दै छ । गुल्मीमा न्यौपाने मात्र होइन सदरमुकामबाट टाढा रहेका दुर्गम बस्तीलाई राष्ट्रिय राजमार्गले जोडेपछि गाउँको परिचय बदलिएको छ । कैयौं होटल तथा रेस्टुरा व्यवसायीले कोरिडोर आसपासमा व्यवसाय शुरू गरेका छन् भने कुना-कन्दराका किसानले उत्पादनको बजारीकरणको सम्भावना देख्न थालेका छन् ।

आर्थिक वर्ष २०६७/६८ बाट निर्माण शुरू भएको आयोजनाको सडक कालोपत्रको गर्ने काम तीव्र गतिमा भइरहेको छ । नेपाल-भारत बेलहिया (सुनौली) नाकाबाट मुस्ताङको कोरला नाका जोड्ने उद्देश्यले शुरू गरिएको उत्तर-दक्षिण व्यापारिक पारवहन मार्ग कालीगण्डकी कोरिडोर ४३५ किलोमिटर लामो छ ।

कालीगण्डकी कोरिडोर (गैंडाकोट, राम्दी मालढुंगा) सडक आयोजनाले झन्डै २०० किलोमिटर कालोपत्रको चरणमा छ । 'पर्यटक मात्र यो बाटो भएर हिँड्दा पनि व्यावसायिक वातावरण बन्छ,' होटल व्यवसायी न्यौपानेले भने, 'ठूला शहरभन्दा नयाँ राजमार्ग आसपासका व्यवसाय फस्टाउँदो देखेर नै लगानी गरेका छौं ।' कोरिडोरको पूर्व नवलपरासीको गैंडाकोटबाट बागलुङको मालढुंगा तल्लो खण्ड २४० किलोमिटर छ ।

यस्तै मालढुंगाबाट मुस्ताङको चीन जोड्ने कोरला नाकाको दूरी १९५ किलोमिटर छ । दुवै खण्डमा धमाधम स्तरोन्नति र कालोपत्रको काम चलिरहेकाले व्यावसायिक वातावरण बढ्दै गएको बागलुङ सरंगेका व्यवसायी विजय केसीले बताए । बुटवलबाट अब बागलुङ सदरमुकाम १५० किलोमिटर दूरीमा खुम्चिएको छ । नारायणगढ, मुग्लिन, पोखरा हुँदै बागलुङ जान दैनिक ८ देखि १० घण्टाको यात्रा अब चार घण्टामा छोटिँदै छ । यो सडक निर्माण पूरा भएसँगै देशको मुहार फेर्ने देखिन्छ ।

मालढुंगा, बेनी, जोमसोम हुँदै कोरला १९५ किलोमिटरको सडक ट्र्याक विस्तारको काम तीव्र गतिमा भइरहेको छ । माथिल्लो खण्ड बेनी तातोपानी, तातोपानी घाँसा, घाँसा कागबेनी हुँदै जोमसोमसम्मको काम खण्ड खण्डमा ठेक्का लगाएर भइरहेको छ । यो १९५ मिटर खण्डको लागत ६ अर्ब रुपैयाँभन्दा बढी छ । कोरिडोर ११ मिटर चौडाइको हुन्छ । त्यसमध्ये ७ मिटर कालोपत्र र दायाँ-बायाँ एक/एक मिटर किनारा तथा एक मिटरको नाली निर्माण गरिएको छ ।

कोरिडोरका लागि सरकारले बजेटको सुनिश्चितता गर्न नसकेको र प्रत्येक वर्ष बजेट कटौतीले लक्ष्यअनुरूप काम हुन नसकेको हर्मिचौर-बलेवा ४४ किलोमिटर खण्डमा कालोपत्रको काम गरिरहेको कालिका कन्सट्रक्सनका प्रतिनिधि छकबहादुर गुरुङले बताए ।

कोरिडोरले दुई प्रदेशका ६ जिल्लाका २० लाखभन्दा बढी जनसंख्यालाई सीधा सडक सञ्जालमा जोड्दै छ । कोरिडोरले यी क्षेत्रको कृषिजन्य उत्पादन, पर्यटन विकास, विद्युत् उत्पादनमा समेत ठूलो सहयोग पुर्‍याएको छ । 'एक दशकअघिसम्म सडक सञ्जालले जोड्न नसक्दा गाउँबाट ठूलो संख्यामा शहरमा बसाइँसराइ गर्ने क्रम थियो,' बागलुङको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा भने, 'जब कोरिडोरको ट्र्याक खुल्यो, तब बसाइँसराइ केही मात्रामा भए पनि रोकियो । योसँगै धेरै आयामहरूमा परिवर्तन आएको छ ।' कोरिडोरका कारण जनताको जीवनस्तरमा परिवर्तन आएको छ । व्यापार, व्यवसायदेखि कृषि उत्पादनमा समेत वृद्धि भएको छ । किसानको उत्पादन गाउँदेखि शहरसम्म पुर्‍याउन सकिएको स्थानीय शिक्षक राजेन्द्र शर्मा बताउँछन् । चिनियाँ बौद्ध धर्मावलम्बीहरू बौद्ध शिक्षा अध्ययनका लागि लुम्बिनी तथा भारतको पटना यही मार्ग भएर पुगेको विश्वास गरिन्छ । भारतीय व्यवसायी कालीगण्डकीको किनारैकिनार चीनको कोरला पुग्ने गर्थे । कालीगण्डकीको किनारैकिनार निर्माणाधीन कोरिडोरलाई सरकारले आर्थिक समृद्धिको 'लाइफलाइन' भन्दै राष्ट्रिय गौरवको आयोजनामा राखेको छ ।

गरीबी निवारण, दिगो आर्थिक विकास र विकेन्द्रीकरणमा सहयोग पुर्‍याउने अवधारणाअनुसार १३ वर्षअघि निर्माण शुरू भएको कोरिडोरमा नेपाली सेना र सडक विभागले ट्र्याक खोल्ने काम गरेका थिए । *रासस*

# एनपीएलमा जनकपुर बोल्ट्सको उपाधि दाबेदारी

काठमाडौं । मधेश प्रदेशको प्रतिनिधित्व गर्ने टोली जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपीएल) फ्रेन्चाइज क्रिकेट प्रतियोगितामा उपाधि जित्ने दाबेदारी गरेको छ । स्वदेशी र विदेशी खेलाडीसहितको सन्तुलित टोली भएका कारण उपाधि जित्ने जनकपुर बोल्ट्सको दाबी छ ।

नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा पहिलोपटक हुन लागेको एनपीएल यही मङ्सिर १५ गते शुरू हुँदैछ । प्रतियोगिताको शुरुआतमै जनकपुर बोल्ट्सले विराटनगर किंग्सको सामना गर्नेछ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा उद्घाटन खेल दिउँसो १२:१५ बजे शुरू हुनेछ ।

जनकपुर बोल्ट्सको मार्की खेलाडीका रूपमा नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर तथा विकेटकिपर आसिफ शेख छन् । २३ वर्षीय आसिफले सन् २०१७ मा नेपालको सिनियर टोलीमा डेब्यु गरेका हुन् । त्यसयता उनले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै आएका छन् ।

आसिफले आफ्नो टोलीमा चल्तीका विदेशी र नेपाली युवा खेलाडीका कारण राम्रो सन्तुलन मिलेको बताए । पुबुदु दसानायके जस्तो प्रशिक्षक पाएका कारण आफ्नो टोली भाग्यशाली रहेको उल्लेख गर्दै उनले जनकपुर बोल्ट्सलाई जसरी पनि उपाधि जिताउने उद्देश्यका साथ खेल प्रदर्शन गर्ने बताए । मार्की खेलाडी शेखले आफ्नो टोलीमा सबै उत्कृष्ट खेलाडी भएकाले प्रतियोगिताको उपाधि जित्ने दाबी गरे ।

यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले समेत सोमवार सुन्धारास्थित धरहरा परिसरमा एनपीएलको ट्रफी सार्वजनिक गर्दै जनकपुर बोल्ट्सका मार्की खेलाडी शेखको प्रशंसा गर्दै 'क्याप्टेन कुल'को उपनाम दिनुपर्ने बताउनुभएको थियो । 'जनकपुर बोल्ट्सका मार्की खेलाडी आसिफ शेखले स्पोर्टम्यानसिप देखाउँदै आयरल्यान्डका खेलाडीलाई रन आउट नगरेको त्यो भाइरल श्रव्यदृश्य मैले पनि हेरेको थिएँ । जनकपुर झैं शान्त स्वभाव कायम रहोस् । आसिफ शेखलाई क्याप्टेन कुल, शान्त भनेर उपनाम दिए पनि हुन्छ जस्तो लाग्छ,' उहाँले शेखको प्रशंसा गर्दै भन्नुभएको थियो ।

जनकपुर बोल्ट्सका हेड अफ अपरेसन निरोज खतिवडाले आफ्नो टोलीको तयारी राम्रो रहेकाले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै प्रतियोगिताको उपाधि जित्नेमा विश्वस्त रहेको बताए । उनले नेपाली र विदेशी खेलाडीसहितको सन्तुलित टोलीकै कारण प्रतियोगितामा राम्रो नतिजा हात पर्ने उल्लेख गरे । खतिवडाले आफ्नो टोलीमा दुई विदेशी खेलाडी नेपाल आइसकेको र बाँकी दुई विदेशी खेलाडी पनि बुधवारै आइपुग्ने जानकारी दिए । जनकपुर बोल्ट्समा मार्की खेलाडी आसिफसँगै नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्यद्वय अनिलकुमार साह र ललितनारायण राजवंशी समेत रहेका छन् ।

टोलीका अन्य नेपाली खेलाडीमा रुपेश सिंह, किशोर महतो, अरनिकोप्रसाद यादव, तुलबहादुर थापा मगर, आकाश त्रिपाठी, शुभ कंसाकर, शेर मल्ल र हेमन्त धामी छन् । एनपीएलमा सहभागी प्रत्येक टोलीले कम्तीमा चार विदेशी खेलाडी अनुबन्ध गर्नुपर्ने प्रावधान छ । तर खेलाडीको

**न्युजिल्यान्डका निशम विश्व क्रिकेटमा चिरपरिचित खेलाडी हुन् । निशमले न्युजिल्यान्डका लागि टेस्टदेखि टी-ट्वान्टी खेल खेलिसकेका छन् । बाँयाहाते ब्याटर निशमसँग आईपीएल, बीबीएल, भाइटालिटी ब्लास्ट, द हन्ड्रेडलगायत फ्रेन्चाइज लिगहरू खेलको अनुभव छ ।**

आवश्यकता हेरेर ६ जनासम्म विदेशी खेलाडी राख्न पाउने प्रावधान रहेको नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ ।

जनकपुर बोल्ट्सले नेपाली खेलाडीसँगै ६ विदेशी खेलाडी भित्र्याएको छ । जनकपुर बोल्ट्सले न्युजिल्यान्ड, पाकिस्तान र अमेरिकाका अनुभवी खेलाडी ल्याएको छ । जसमा न्युजिल्यान्डका जिमी निशम, अमेरिकाका जोशुआ ट्रोम्प, अमेरिकामा बसेर क्रिकेट खेल्ने श्रीलंकाली मुलका लाहिरु मिलन्था तथा पाकिस्तानका शोएब मक्सुद र मोहमद मोहसिन खान छन् ।

न्युजिल्यान्डका निशम विश्व क्रिकेटमा चिरपरिचित खेलाडी हुन् । निशमले न्युजिल्यान्डका लागि टेस्टदेखि टी-ट्वान्टी खेल खेलिसकेका छन् । बाँयाहाते ब्याटर निशमसँग आईपीएल, बीबीएल, भाइटालिटी ब्लास्ट, द हन्ड्रेडलगायत फ्रेन्चाइज लिगहरू खेलको अनुभव छ ।

त्यसैगरी अमेरिकाका दाँयाहाते ब्याटर ट्रोम्पले अमेरिकाको घरेलु क्रिकेट लिगमा उत्कृष्ट खेल प्रदर्शन गर्दै आएका छन् । उनले अमेरिकी हौस्टन प्रिमियर लिग टी-ट्वान्टी, सेन्ट्रल टेक्सास लिग टी-ट्वान्टीलगायत प्रतियोगिता खेलिसकेका छन् । श्रीलंकामा जन्मिएर अमेरिकाबाट क्रिकेट खेल्दै आएका विकेटकिपर एवं ब्याटर मिलान्था अनुभवी खेलाडी हुन् । उनले अमेरिकाको विभिन्न घरेलु क्रिकेट प्रतियोगिता खेल्दै आएका छन् । मिलान्थाले यसअघि नेपालमै आएर क्रिकेट खेलिसकेका छन् ।

यस्तै पाकिस्तानी मक्सुद पनि अनुभवी खेलाडी हुन् । उनले पाकिस्तानका लागि एकदिवसीय, टी-ट्वान्टी लगायत खेल खेलिसकेका छन् । पाकिस्तानका मोहसिन खान अलराउन्डर हुन् । उनले क्यारेबियन प्रिमियर लिग, अमेरिकी मेजर लिग र पाकिस्तान सुपर लिग खेलिसकेका छन् ।

जनकपुर बोल्ट्सको मुख्य प्रशिक्षकमा राष्ट्रिय सिनियर क्रिकेट टोलीका पूर्वप्रशिक्षक पुबुदु दासानायके छन् । दासानायकेले नेपाली क्रिकेटलाई माथिल्लो उचाइमा पुर्‍याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सन् २०११ देखि राष्ट्रिय पुरुष टोली सम्हालेका उनकै प्रशिक्षणमा नेपालले विश्व कपसम्मको यात्रा तय गरेको थियो । नेपाली क्रिकेटको इतिहासमा प्रशिक्षक दासानायके बिर्सिन नहुने नाम हो । शुरुआतमा उनले सन् २०११ देखि २०१५ सम्म नेपाली टोलीको प्रशिक्षण सम्हालेका थिए । त्यस दौरान उनकै प्रशिक्षणमा नेपालले आईसीसी विश्व क्रिकेट लिग डिभिजन चारदेखि एकसम्मको यात्रा तय गरेको थियो । । नेपालले विभिन्न समयमा क्रिकेटको छनोट चरण पार गर्दै सन् २०१४ मा बंगलादेशमा भएको विश्वकपमा सहभागिता जनाएको थियो । उनकै प्रशिक्षणमा उपाधि जित्नेमा जनकपुर बोल्ट्स विश्वस्त छ ।

**पाकिस्तानी खेलाडी मक्सुदले नखेल्ने**

जनकपुर बोल्ट्सका लागि अनुबन्धित पाकिस्तानी खेलाडी शोएब मक्सुद फिटनेसमा समस्या भएपछि प्रतियोगिता खेल्न नआउने निश्चित भएको छ । जनकपुर बोल्ट्सका हेड अफ अपरेसन खतिवडाका अनुसार मक्सुदको स्थानमा इङल्यान्डका अलराउन्डर बेन माइकलाई अनुबन्ध गरिएको छ । उनले पनि विभिन्न प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेका छन् ।

प्रतियोगितामा जनकपुर बोल्ट्ससँगै काठमाडौं गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, विराटनगर किंग्स र सुदूरपश्चिम रोयल्सको सहभागिता रहेको छ । *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

**सुनचाँदीका संगठनमा ...**

विपक्षी नेपाल राष्ट्र बैंकको तर्फबाट अधिवक्ताद्वय रामेश्वर भण्डारी र सुमन आचार्यले बहस गरेका थिए ।

रिद्धिसिद्धि ज्वेलर्सका सञ्चालक नरेन्द्रकुमार गुप्ताले सर्वोच्चको आदेश व्यवसायीको हितमा आएको प्रतिक्रिया दिएका छन् । 'सिन्डिकेटमा मोनोपोली चलाउनेहरूका विरुद्ध यो आदेश आएको छ,' उनले आर्थिक अभियानसँग भने, 'अब कसैले राज्यका निकायमा दर्ता भएर कर तिरेर कुनै छाता संगठनमा नबसी निर्वाध रूपमा व्यवसाय गर्छु भन्छ भने पूर्णरूपमा बाटो खुल्यो ।'

**ठेक्का प्रक्रिया ...**

लप्सीफेदी-रातमाटे-नयाँ हेटौंडा, रातमाटे-नयाँ दमौली र नयाँ दमौली-नयाँ बुटवल गरी तीनओटा खण्डमा विभाजन गरिएको उक्त प्रसारण लाइन निर्माणका लागि बोलपत्र आह्वान गरिएको हो ।

अघिल्लो बोलपत्र प्रक्रियाको विस्तृत समीक्षापछि पुनः आह्वान गरिएको यस बोलपत्रमा परिमार्जित डिजाइन, टावर निर्माण स्थलमा सहज पहुँच र बोलपत्रदाताको सुझावका आधारमा संशोधित व्यावसायिक प्रावधानहरू समेटिएको एमसीए नेपालले एक प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

'यी समायोजनले थप कार्यान्वयनयोग्य र लागत-प्रभावकारी प्रस्तावहरू प्राप्त हुने सुनिश्चित गर्दै अघिल्लो बोलपत्र आह्वानमा पहिचान गरिएका मुख्य लागत निर्धारकहरूलाई सम्बोधन गरेका छन्,' एमसीए नेपालले भनेको छ । कतिपय विज्ञले वातावरणीय प्रभाव मूल्यांकनमा रहेको दोषले अघिल्लोपटक उच्च मूल्य तोकेर बोलपत्र परेको बताएका छन् ।

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा पहुँच मार्ग बनाउनुको सट्टा हेलिकोप्टर र वस्तुभाउमार्फत प्रसारण लाइनका सामग्री ढुवानी गरिने उल्लेख छ । यसको उद्देश्य रुखहरु कमभन्दा कम काट्ने भन्ने थियो । तर, यसले गर्दा लागत बढ्ने सम्भावना विज्ञहरूले औंल्याएका थिए ।

लागत बढ्ने धेरै कुरा नयाँ बोलपत्र आह्वान गर्दा सम्बोधन गरिएको एमसीए नेपालले बताएको छ । पहिले ३१५ किलोमीटर प्रसारण लाइनका लागि बोलपत्र आह्वान भए पनि यसपालि २९७ किलोमीटरको लागि मात्र आह्वान भएको हो । यसअघि बुटवल-गोरखपुर प्रसारण लाइनअन्तर्गत नेपालमा पर्ने १८ किलोमिटर निर्माणका लागि १२३ दशमलव ६० लाख अमेरिकी डलरको सम्झौता ट्रान्सरेल लाइटिङ लिमिटेडसँग २०८१ साल भदौ १४ गते गरिसकेको छ । उक्त प्रसारण लाइन २१ महीनामा निर्माण गरिनेछ । एमसीए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले भने, 'निर्माणाधीन प्रसारण लाइनमध्ये १८ किलोमिटर खण्ड निर्माणका लागि सम्झौता सम्पन्न भइसकेको वर्तमान अवस्थामा परिमार्जित प्रावधानका कारण बाँकी २९७ किलोमीटर निर्माणका लागि बोलपत्रदाताको अभिरुचि उल्लेख्य रूपमा बढ्ने र प्रतिस्पर्धात्मक बोलपत्रहरू आकर्षित हुने कुरामा हामी विश्वस्त छौं ।'

देशको मुख्य शहरी र औद्योगिक क्षेत्र जोड्ने यो प्रसारण लाइन विश्वसनीय विद्युत् आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण रहेको सरकारी अधिकारीहरूले बताएका छन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको**
**बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने**
**सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना**
प्रकाशित मिति २०८१/०८/१३

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक(साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिनु बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०८/१९

**बोलपत्र खोलिने मिति**
२०८१/०८/२० दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|
| १. | ऋणी : **धर्मेन्द्र विश्वकर्मा (हायरपर्चेज कर्जा)-शाखा कार्यालय भैरहवा** (ना.प्र.नं. ३७/२०८४९, मिति २०६२/१०/२९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), ठेगाना : पजरकट्टी ०२, रुपन्देही<br>बाबु : जग नारायण विश्वकर्मा, बाजे : झगरु लोहार<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. जग नारायण विश्वकर्मा** (ना.प्र.नं. ६४५२४, मिति २०३८/१२/०३ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : झगरु लोहार, बाजे : सुखराज लोहार<br>**२. सुभावती विश्वकर्मा** (ना.प्र.नं. १/९३८, मिति २०५१/०४/२० मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : जग नारायण विश्वकर्मा, ससुरा : झगरु लोहार | १. सुभावती विश्वकर्माको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पजरकट्टी गा.वि.स./न.पा. वडा नं. ०१ (क) स्थित कि.नं. ४७७ (०-६-९-० बिगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :<br>कम्पनीको नाम : Tata Motors Bharat<br>सवारीको मोडेल : Sumo Grande LX<br>निर्माण वर्ष : 2013<br>ईन्जिन नं. : 2.2LDICOR07BWYJ03104<br>च्यासिस नं. : MAT465322D9B05459<br>सवारी दर्ता नं. : बा ११ च १५६४<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान :<br>शाखा कार्यालय कमलादी काठमाडौं/भैरहवा, रुपन्देही |
| २. | ऋणी : **पूर्ण माया राना (विविध कर्जा)- शाखा कार्यालय बुटवल** (ना.प्र.नं. २/५४५६, मिति २०६३/०६/०६ मा जि.प्र.का. पाल्पाबाट जारी भएको)<br>ठेगाना : बुटवल वडा नं. ०८, रुपन्देही, पति : थमन राना, ससुरा : पदम बहादुर राना<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. ललित राना** (ना.प्र.नं. २३१९९, मिति २०६०/०८/१६ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), बाबु : थमन राना, बाजे : पदम बहादुर राना<br>**२. थमन राना** (ना.प्र.नं. २/५४५४, मिति २०६३/०६/०६ मा जि.प्र.का. पाल्पाबाट जारी भएको), बाबु : पदम बहादुर राना, बाजे : खड्ग बहादुर राना<br>**३. सचिन राना** (ना.प्र.नं. ३७२०२४/५५६४१, मिति २०६६/०७/०६ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), बाबु : थमन राना, बाजे : पदम बहादुर राना | पूर्णमाया रानाको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल गा.वि.स/न.पा. वडा नं. १० स्थित कि.नं. ७२(२९६.५० व.मी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बुटवल, रुपन्देही |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

# एनआईसी एशिया डाइनामिक डेप्ट फण्डको न्याभ बढ्यो

काठमाडौं (अस) । एनआईसी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत सञ्चालित एनआईसी एशिया डाइनामिक डेप्ट फण्डले कात्तिक मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ ।

उक्त वित्तीय विवरणअनुसार फण्डको नाफा र प्रतिइकाई खुद सम्पत्ति मूल्य(न्याभ) असोज मसान्तको तुलनामा कात्तिक मसान्तमा बढेको छ ।

फण्डको न्याभ असोज मसान्तमा १० रुपैयाँ ५३ पैसा रहेकोमा कात्तिक मसान्तमा बढेर १० रुपैयाँ ५४ पैसा पुगेको हो । त्यस्तै, फण्डले असोज मसान्तमा रू. ३ करोड ७० लाख नाफा कमाएकोमा कात्तिक मसान्तमा बढेर रू. ३ करोड ७७ लाख पुगेको छ । कात्तिक मसान्तमा फण्डको आम्दानीमा वृद्धि भएकाले नाफा बढ्न टेवा पुगेको हो । असोज मसान्तमा फण्डको कुल आम्दानी रू. ४ करोड १५ लाख रहेकोमा कात्तिक मसान्तमा बढेर रू. ४ करोड ३७ लाख पुगेको छ ।

त्यस्तै, फण्डले सूचीकृत शेयरमा असोज मसान्तमा रू. २७ करोड ३९ लाख लगानी गरेकोमा कात्तिक मसान्तमा बढाएर रू. २७ करोड ८४ लाख पुऱ्याएको छ ।

## लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.

काठमाडौं १०, बिनायकनगर, बानेश्वर

### छैठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०८/०२

दोश्रो पटक प्रकाशित मिति २०८१/०८/१३

यस लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०८१/०७/३० मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको छैठौं वार्षिक साधारणसभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारी एवम् उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ साल मंसिर २५ गते मंगलबार ।

समय : बिहान ११:०० बजे ।

स्थान : डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौं ।

**छलफलका विषयहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व. २०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. शेयरको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा ।

५. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू**

१. लेखा परिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनीको ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालय बिनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने ब्यहोरा अनुरोध छ ।

२. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कम्पनी कानून बमोजिम तोकेको ढाँचाका प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कार्यालयको समय भित्रमा दर्ता गराई सक्नु पर्नेछ ।

३. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहा राखिने हाजिरी पुस्तिका दिउँसो १०:०० बजेबाट खुल्ला गरिने छ ।

४. साधारणसभा सम्बन्धी थप जानकारी आबश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि. का.म.न.पा. वडा नं. १०, बिनायकनगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

# नेप्सेसँगै बढ्यो कारोबार रकम

अभियान संवाददाता

काठमाडौं

साताको चौथो कारोबार दिन बुधवार नेप्से परिसूचकसँगै कारोबार रकम पनि वृद्धि भएको छ । नेप्से १ दशमलव ४६ प्रतिशत बढेर २ हजार ७५६ दशमलव ३६ विन्दुमा पुगेको हो । मंगलवार पनि नेप्से १ दशमलव २४ प्रतिशत वृद्धि भएको थियो । यो सँगै नेप्से लगातार तीन कारोबार दिन वृद्धि भएको छ ।

अघिल्लो कारोबार दिन रू. ७ अर्ब ४४ करोड बराबरको कारोबार भएकोमा यस दिन रू. ९ अर्ब ३१ करोड बराबरको कारोबार भएको हो ।

कारोबारमा आएका धितोपत्रमध्ये सात धितोपत्रको मूल्य १० प्रतिशतका दरले वृद्धि भएको छ भने मिथिला लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । यस कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशत घटेसँगै नकारात्मक सर्किट लागेको हो । शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ७६४ मा झरेको छ ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा जानकी फाइनान्सले ओगटेको छ । यस कम्पनीको रू. ३४ करोड बराबरको कारोबार भएको हो ।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये वित्त समूहको सूचक शून्य दशमलव ४७ प्रतिशत घटेको छ भने बाँकी सबै समूहको सूचक बढेको हो । सबैभन्दा बढी व्यापार समूहको सूचक ९ दशमलव २७ प्रतिशत वृद्धि भएको छ ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३७ दशमलव १२ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ४५ करोड ७२ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब ४० करोड ६७ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब २३ करोड ७८ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ६१ करोड ३६ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ६२ करोड ४१ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४१ रहेको छ । जसबाट बुधवारको बजारमा रू. ७१ करोड २५ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३४५.७२ | ३७.१२ |
| २ | वित्त | १४०.६७ | १५.११ |
| ३ | विकास बैंक | १२३.७७ | १३.२९ |
| ४ | लघुवित्त | ८२.५२ | ८.८६ |
| ५ | लगानी | ६०.१९ | ६.४६ |
| ६ | बैंकिङ्ग | ५५.४९ | ५.९६ |
| ७ | जीवन बीमा | ३३.५८ | ३.६१ |
| ८ | होटल तथा पर्यटन | २३.२० | २.४९ |
| ९ | अन्य | १७.५९ | १.८९ |
| १० | निर्जीवन बीमा | १६.१४ | १.७३ |
| ११ | उत्पादन तथा प्रशोधन | १५.७७ | १.६९ |
| १२ | संस्थापक शेयर | ११.४२ | १.२३ |
| १३ | व्यापार | ३.८२ | ०.४१ |
| १४ | म्युचुअल फण्ड | ०.९१ | ०.१० |
| १५ | ऋणपत्र | ०.४३ | ०.०५ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | व्यापार | ३,८७०.८६ | ९.२७ |
| २ | विकास बैंक | ५,८००.०१ | ३.१८ |
| ३ | जीवन बीमा | १३,५०४.३८ | २.८१ |
| ४ | जलविद्युत् | ३,६३६.८५ | १.६७ |
| ५ | होटल तथा पर्यटन | ६,९५२.७१ | १.४४ |
| ६ | निर्जीवन बीमा | १३,२६२.९१ | १.१८ |
| ७ | लघुवित्त | ५,१९४.४१ | ०.९६ |
| ८ | लगानी | १०७.७९ | ०.७९ |
| ९ | उत्पादन तथा प्रशोधन | ६,८८८.३९ | ०.६३ |
| १० | अन्य | २,०८७.९४ | ०.५६ |
| ११ | बैंकिङ्ग | १,५०५.८२ | ०.३१ |
| १२ | म्युचुअल फण्ड | २१.८८ | ०.०९ |
| १३ | वित्त | ३,६७४.२५ | -०.४७ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| जानकी फाइनान्स कम्पनी लिमिटेड | ३४.०१ | ९४१.०० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | ३३.१६ | १,०६१.०० |
| पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | २४.७२ | ५७९.०० |
| नेपाल फाइनान्स लिमिटेड | २४.१७ | १,४४५.०० |
| सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | २२.८४ | ९८८.९० |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ६२.४१ | ६१.३६ | १२३.७८ |
| ४१ | ३०.८७ | ४०.३८ | ७१.२५ |
| ४५ | ३१.८६ | २९.५७ | ६१.४३ |
| ४९ | ३२.५९ | २५.७३ | ५८.३२ |
| ३४ | २८.८२ | २५.९० | ५४.७२ |

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२४ नोभेम्बर २७)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ८०,२३४.०८ | ०.२९% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २४,२७४.९० | ०.३३% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३८,१३४.९७ | -०.८०% |
| हङकङ स्टक एक्सचेन्ज | हैंग सेंग | १९,६०३.१३ | २.३२% |
| संघाई स्टक एक्सचेन्ज | संघाई एसई कम्पोजिट इन्डेक्स | ३,३०९.७८ | १.५३% |

## प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३२, तिनकुने, काठमाडौं ।
टेलिफोन नं.: ०१-५९०४९६१, ५९०४९६४
इमेल : prabhucablecar@gmail.com
वेभसाइटः www.prabhucablecar.com

### हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला बारेको सूचना

**दोश्रो पटक सूचना प्रकाशित मितिः २०८१/०८/१३**

यस प्रभु केवलकार एण्ड टुरिजम लिमिटेडको मिति २०८१/०८/११ गतेसम्म कायम साविक संस्थापक शेयरधनीहरुको लागि १:१ (अर्थात विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा प्रति शेयर रु १००/- अङ्कित दरको ७०,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला यहि **मिति २०८१/०८/२९ गतेदेखि मिति २०८१/१०/०४ गते** (बैकिङ्ग समयसम्म) गरिने हुँदा सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | स्थान |
|---|---|
| **दरखास्त पाइने र आवेदन बुझाउने स्थान** | प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड<br>का.म.न.पा.-३२, तिनकुने, काठमाडौं |
| **रकम जम्मा गर्ने** | प्रभु केवलकार एण्ड टुरिजम लिमिटेडको<br>प्रभु बैंक कोटेश्वर शाखाको खाता नं. **1150153562100015** |

साथै **"हकप्रद शेयर निष्काशन सम्बन्धी फारम"** निष्काशनकर्ता कम्पनी यस प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड को वेवसाइट www.prabhucablecar.com बाट डाउनलोड गरी भर्न सकिनेछ ।

## सिप्रदी हायर पर्चेज प्रा.लि. काठमाण्डौको

### कर्जा नतिर्ने ऋणीहरुलाई कर्जा रकम भुक्तान गर्न आउने तथा कालो सूचीमा समावेस गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/०८/१३**

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त यस कम्पनीबाट हायर पर्चेज कर्जा शिर्षक अन्तर्गत कर्जा उपभोग गर्नुहुने तपसिलमा उल्लेखित तपाई ऋणीहरुले कम्पनी संग गरेको शर्त कबुलियत बमोजिम नियमित तिर्न बुझाउन पर्ने किस्ता सांवा व्याज तथा हर्जना रकम नतिरी नबुझाई अनियमित गर्नुभएको र कर्जा रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सोको बेवास्ता तथा आलटाल गरी कर्जा लिंदाका वखत लेखाइदिएको कर्जा तमसुक शर्त कबुलियतको शर्त बन्देजहरु उल्लंघन गर्नुभएकोले कर्जाबाट खरिद गरी संचालन गरेको सवारी साधन कम्पनीले वाध्य भई कब्जामा लिएका वा लिन वाँकी सवारी साधनको कर्जाको किस्ता रकम विगत एक वर्ष वा सो भन्दा कम समय देखी भुक्तानी हुन नसकी आएको ले कम्पनीको तर्फबाट तपाईं ऋणीले लेखाइदिएको ठेगानामा ७ (सात) दिने सुचना पठाई कर्जाको लेना रकम चुक्ता गरी सवारी साधन फिर्ता लैजानका लागि गरेको अनुरोधको समेत वेवास्ता गर्नुभएकोले कर्जा रकम चुक्ता गर्नको लागि अन्तिम मौका स्वरुप यो ३५ (पैतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितीले ३५ दिन भित्र यस कम्पनीमा सम्पर्क राखी भुक्तानी गर्न वाँकी साँवा, ब्याज र अन्य दस्तुर सहितको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरिन्छ। सो अनुसार लेना रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन, संस्थाको कर्जा अशुली निर्देशिका तथा प्रचलित नियमानुसार कर्जा सुचना केन्द्रको कालोसुचिमा समावेश गर्न पठाउने र तपाई ऋणीहरुबाट नियन्त्रणमा लिइएको वा लिनवाँकी सवारी साधन लाई नियन्त्रणमा लिई तपसिल बमोजिमका सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा स्वतन्त्र मुल्यांकनकर्तावाट पुनर्मुल्यांकन गराई, तँपाईले साविकमा लेखाईदिएको मन्जुरीनामा समेतको आधारमा सोझै अन्य खरिदकर्तालाई बिक्री गरी वा अन्य उपयुक्त व्यवस्था गरी कर्जा असुल उपर गरीने र कुनै कारणवश तपसिलमा उल्लेखित सवारी साधन बिक्री नभएमा वा सो सवारी साधन विक्रीवाट लेना रकम असुल नभएमा नपुग रकमको हकमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगानाः | धितोको सुरक्षणको विवरण | जमानतकर्ता/शेयरधनिको को नाम, थर : |
|---|---|---|---|
| १ | **नामः सिता सुवेदी आचार्य**<br>नागरिकता नं : ०४-०१-७२-१०५५५<br>जारी मिति : २०७२/११/१६ (झापा)<br>बाबु : शिव लाल सुवेदी<br>बाजे : हिम लाल सुवेदी<br>ठेगाना : शनिअर्जुन-४, झापा | च्यासिस नं : MAT535102JZR75242<br>इन्जिन नं : 0.8LTDICRAIL10NRYSJ4552<br>सवारी दर्ता नं : ME1CHA6505<br>मोडल : ACE_MEGA_XL<br>सवारीको किसिम : निजी पिकअप | **नाम : टंक प्रसाद आचार्य**<br>नागरिकता नं : ८५२४९७६<br>जारी मिति : २०४६/१०/११ (झापा)<br>ठेगाना : सतासीधाम-०७, झापा |
| २ | **नाम : सन्तोष राई**<br>नागरिकता नं :०२/१०१३<br>जारी मिति : २०६२/०८/१३ (झापा)<br>बाबु : ठग बहादुर राई<br>बाजे : मने राई<br>ठेगाना : खुदुनाबारी-३, झापा | च्यासिस नं : MAT535102MZR05177<br>इन्जिन नं : 0.8LTDICRAIL10BYXS13107<br>सवारी दर्ता नं : P101001CHA9533<br>मोडल : ACE_MEGA_XL<br>सवारीको किसिम : निजी पिकअप | **नाम : जानुका राई**<br>नागरिकता नं : ०३-२-००१/४८<br>जारी मिति : २०६८/८/२५ (इलाम)<br>ठेगाना : एकतप्पा-०१, इलाम |
| ३ | **नाम : दिपा लुइटेल**<br>नागरिकता नं : ०४२०४४/९४४८<br>जारी मिति : २०७०/२/७ (झापा)<br>बाबु : दशरथ फुयल<br>बाजे : मित्र लाल फुयल<br>ठेगाना : दमक-७, झापा | च्यासिस नं : MAT626201HKE34541<br>इन्जिन नं : REVTRN02DSYK19468<br>सवारी दर्ता नं : P101001CHA9519<br>मोडल : TIAGO REVOTRON XE<br>सवारीको किसिम : निजी कार | **नाम : विवेक लुइटेल**<br>नागरिकता नं : ०४२०४४-६९१३<br>जारी मिति : २०६८/०९/०३ (झापा)<br>ठेगाना : दमक-०३, झापा |
| ४ | **नाम : नविन उप्रेती**<br>नागरिकता नं : ८३२/८२<br>जारी मिति : २०६२/३/१४ (पाँचथर)<br>बाबु : इन्द्र मणी उप्रेती<br>बाजे : खडग प्रसाद उप्रेती<br>ठेगाना : सुभाङ-०३, पाँचथर | च्यासिस नं : MAT535102KZR42866<br>इन्जिन नं : 0.8LTDICRAIL10HPYSB2710<br>सवारी दर्ता नं : P101001CHA7000<br>मोडल : ACE_MEGA_XL<br>सवारीको किसिम : निजी पिकअप | **नाम : राम मायाँ विष्ट उप्रेती**<br>नागरिकता नं : ०२-०१-७४-०४७२०<br>जारी मिति : २०७४/१२/२०<br>(पाचँथर)<br>ठेगाना : हिलिहाङ-०५, पाचँथर |
| ५ | **नाम : उषा अधिकारी**<br>नागरिकता नं :०३/५५०५<br>जारी मिति : २०६३/०७/०२ (झापा)<br>बाबु : लिलाधर उपाध्याय<br>बाजे : शिव प्रसाद उपाध्याय<br>ठेगाना : बाह्रदशी-०२, झापा | च्यासिस नं : MAT464602KSR05937<br>इन्जिन नं : 4SPCR10EPY619619<br>सवारी दर्ता नं : P101001CHA6976<br>मोडल : XENON YODHA SC 4X2<br>सवारीको किसिम : निजी पिकअप | **नाम : काशीनाथ अधिकारी**<br>नागरिकता नं : ७६१५१२६१<br>जारी मिति : २०५३/११/१४ (झापा)<br>ठेगाना : राजगढ-०३, झापा |
| ६ | **नाम : दुधराज पौडेल**<br>नागरिकता नं : ३१३०१९/५३२<br>जारी मिति : २०६३/११/२<br>(मकवानपुर)<br>बाबु : चन्द्र ब.पौडेल<br>बाजे : अनन्त वहादुर पौडेल<br>ठेगाना : मनहरी-०३, मकवानपुर | च्यासिस नं : MAT627243MLP93463<br>इन्जिन नं : REVTRN11PYXKC0485<br>सवारी दर्ता नं : BP01027CHA3544<br>मोडल : NEXON_XM(S)_RT_BSVI<br>सवारीको किसिम : निजी कार | **नाम : राज पौडेल**<br>नागरिकता नं : ३१-०१-७१-०६३४९<br>जारी मिति : २०७१/०७/१४<br>(मकवानपुर)<br>ठेगानाः मनहरी-०३, मकवानपुर |
| ७ | **नाम : अस्मीता पुरी**<br>नागरिकता नं : २७-०१-७५-०९३७६<br>जारी मिति : २०७५/०७/१२ (काठमाडौं)<br>बाबु : माधव राज पुरी<br>बाजे : क्षेत्र बहादुर पुरी<br>ठेगाना : नागार्जुन-०६, काठमाडौं | च्यासिस नं : MAT374445GSR05203<br>इन्जिन नं : 4SPCR10FTY620078<br>सवारी दर्ता नं : BA15CHA6884<br>मोडल : 207 31DI EXFBPS BSIV<br>सवारीको किसिम : निजी पिकअप | **नाम : माधव राज पुरी**<br>नागरिकता नं :२९०९/५९६३/२७७३<br>जारी मिति : २०४६/१०/२५<br>(काठमाडौं)<br>ठेगाना : रामकोट-०४, काठमाडौं |
| ८ | **कम्पनीको नाम : स्टार इट्टा उद्योग**<br>दर्ता नं : ८७०६/०७३/०७४<br>दर्ता मिति : २०७३/११/२२<br>स्थायी लेखा नं.: ६०६१३२८११<br>जारी मिति : २०७४/०२/०५<br>**प्रोप्राइटर/शेयरधनीको नाम : मुकेश मेहता**<br>नागरिकता नं : २७५५१९३४<br>जारी मिति : २०५५/०१/०८ (पर्सा)<br>बाबु : राम बहादुर प्रसाद कोइरी (मेहता)<br>बाजे : द्धारिका महतो कोइरी<br>ठेगाना : धोरे-६, पर्सा | च्यासिस नं : THEWBAD1A50011404<br>इन्जिन नं : ERY818206<br>सवारी दर्ता नं : NA1KA9453<br>मोडल : TH86<br>सवारीको किसिम : निजी लोडर | **नाम : शिल्पि कुमारी मेहता**<br>नागरिकता नं : ३४-०१-७०-११२९१<br>जारी मिति : २०७०/१०/०७ (पर्सा)<br>ठेगाना : धोरे-६, पर्सा |
| ९ | **कम्पनीको नाम : गढीमाई नेचुरल रिसोर्सेज**<br>दर्ता नं : ६२३५/१५५/०७४/७५<br>दर्ता मिति : २०७४/०७/१४<br>स्थायी लेखा नं.: ६०७०९६८५३<br>जारी मिति :२०७४/०७/१५<br>ठेगाना : महागढीमाई-०४, बारा<br>**प्रोप्राइटर/शेयरधनीको नाम : विचारी महतो**<br>नागरिकता नं : ३३३०३७/२५५<br>जारी मिति : २०६३/१२/५ (बारा)<br>बाबु : दशैंई महतो कोइरी<br>बाजे : मुनेसर महतो कोइरी<br>ठेगाना : दहियार-६, बारा | च्यासिस नं :MAT505227J8N30131<br>इन्जिन नं : 4SPCR11NRY659565<br>सवारी दर्ता नं : P203001KA0208<br>मोडल : SFC_407_33WB_ST_HDLB<br>सवारीको किसिम : निजी मिनी ट्रक | **नाम : सतीस कुमार जायसवाल**<br>नागरिकता नं : ३३१०३७/१८५३<br>जारी मिति : २०६६/११/०४, (बारा)<br>ठेगाना : महागढीमाई-०४, बारा |
| १० | **फर्म र कम्पनीको नाम : सुरज क्सर उधोग**<br>दर्ता नं : ४४२३/२/०७३/७४<br>दर्ता मिति : २०७४/०३/०७<br>स्थायी लेखा नं : ६०५६३३३७९<br>जारी मिति : २०७४/०६/२७<br>कम्पनीको ठेगाना : भँगाहा-०४, महोत्तरी<br>**प्रोप्राइटर/शेयरधनीको नाम : अशोक कुमार मण्डल**<br>नागरिकता नं : ०९६२२६५<br>जारी मिति : २०५३/०४/१५<br>(महोत्तरी)<br>बाबु : वासुदेव मण्डल<br>बाजे : गर्भु मण्डल<br>ठेगाना : बसविट्टी-०२, महोत्तरी | च्यासिस नं : MAT448137M3R11698<br>इन्जिन नं : 12E63867509<br>सवारी दर्ता नं : P202001KA0633<br>मोडल : LPK2518HD/38/BS3<br>सवारीको किसिम : भाडा टिपर | **नाम : प्रमिला कुमारी मण्डल**<br>नागरिकता नं : ०९६९२६०२<br>जारी मिति : २०५९/०३/१० (महोत्तरी)<br>ठेगानाः बसबिट्टी-०२, महोत्तरी |
| ११ | **फर्म र कम्पनीको नाम : मनिष स्टोर्स**<br>दर्ता नं : ८३३७/४३९/०७२/०७३<br>दर्ता मिति : २०७२/१२/२३<br>स्थायी लेखा नं : ३०४९६५७७३<br>जारी मिति : २०७२/१२/०४<br>कम्पनीको ठेगाना : मिथिला-०८, धनुषा<br>**प्रोप्राइटर/शेयरधनीको नाम : शिव शंकर महतो**<br>नागरिकता नं : १११८६६१२<br>जारी मिति : २०६२/०२/२४ (धनुषा)<br>बाबु : शिवनाथ महतो<br>बाजे : वाउन महतो<br>ठेगाना : वेगाडावर-०५, धनुषा | च्यासिस नं: MAT505555N8R02174<br>इन्जिन नं: 4SPCR11AXX602744<br>सवारी दर्ता नं: MP04001KA0036<br>मोडल: LPT407/27_CAB_CR<br>सवारीको किसिम : भाडा मिनी ट्रक | **नाम : रेणु देवी महत्तो**<br>नागरिकता नं : १७३०९७/७८५<br>जारी मिति : २०६३/१०/२४(धनुषा)<br>ठेगाना : वेगाडावर-०५, धनुषा |
| १२ | **नाम : अन्जना निरौला**<br>नागरिकता नं : २०३४२<br>जारी मिति : २०६०/१२/२०<br>(झापा)<br>बाबु : कमान सिंह निरौला<br>बाजे : गुमान सिंह निरौला<br>ठेगाना : लखनपुर-०१, झापा | च्यासिस नं : MAT464602JSR18089<br>इन्जिन नं : 4SPCR10KRY658889<br>सवारी दर्ता नं : ME1CHA6554<br>मोडल : XENON YODHA SC 4X2<br>सवारीको किसिम : निजी पिकअप | **नाम : ओम प्रसाद दाहाल**<br>नागरिकता नं : २३१११०४७६<br>जारी मिति : २०४८/११/१३ (झापा)<br>ठेगाना : दमक-१०, झापा |
| १३ | **नाम : विनोद सिटौला**<br>नागरिकता नं : २७२४५<br>जारी मिति : २०६३/०८/२१ (झापा)<br>बाबु : ओम प्रसाद सिटौला<br>बाजे : धन पति सीटौला<br>ठेगाना : जुरोपानी-०८, झापा | च्यासिस नं : MAT464602KSR01081<br>इन्जिन नं : 4SPCR10APY604328<br>सवारी दर्ता नं : ME1CHA6586<br>मोडल : XENON YODHA SC 4X2<br>सवारीको किसिम : निजी पिकअप | **नाम : ओम प्रसाद सिटौला**<br>नागरिकता नं : ६९१२०,१५३<br>जारी मिति : २०४३/९/१८ (झापा)<br>ठेगाना : पाचगाछी-०१, झापा |

# कुथेली बुखरी स्मल हाइड्रोपावरको लाभांश प्रस्ताव

काठमाडौं (अस) । कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडले गत आर्थिक वर्ष (आव) २०८०/८१ को मुनाफाबाट लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । मङ्सिर १० गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा १० प्रतिशत बोनस शेयर वितरण गर्ने निर्णय गरेको हो ।

हाल कम्पनीको चुक्तापूँजी १२ करोड १८ लाख ६७ हजार रुपैयाँ रहेको छ । प्रस्तावित लाभांश विद्युत् नियमन आयोगको स्वीकृतिपछि कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपश्चात् मात्र वितरण हुनेछ ।

## २१औं हस्तकला ब्यापार मेला तथा १९ औं हस्तकला प्रतियोगिता स्थगित सम्बन्धी जरुरी सूचना

नेपाल हस्तकला महासंघद्वारा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, ब्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सहयोगमा यही **२०८१ मंसिर २० देखि २४ गते तद्नुसार सन् २०२४ को डिसेम्बर ५ देखि ९ सम्म** होटल हायात ग्राउण्ड, बौद्ध, काठमाडौंमा आयोजना गरिने **२१ औं हस्तकला ब्यापार मेला तथा १९ औ हस्तकला प्रतियोगिता** विशेष कारणवश कार्य समितिको निर्णय अनुरुप सल्लाहकार परिषद्को सुझाव समेतलाई मध्यनजर गरि हाललाई स्थगित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । मेलाको नयाँ मिति निर्धारण भए पछि सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुमा यथासमयमा सूचित गरिने ब्यहोरा समेत हार्दिक अनुरोध गरिन्छ ।

**नेपाल हस्तकला महासंघ**
माइतीघर हाईट, काठमाडौं, नेपाल
फोनः ५३४४२३१/५३४५४६७/५३४३०१५
Email: fhan1972@gmail.com

## गोलिया काठ/दाउराबोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०८/१३**

यस डिभिजन वन कार्यालय अन्तर्गत कालिमाटी सव-डिभिजन वन कार्यालयको कार्यक्षेत्र कालिमाटी गा.पा-५, स्थित हरियाली राष्ट्रिय वन क्षेत्रबाट आ.व.२०७९/०८० मा जिल्लाको स्वीकृत पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना अनुसार कटान, मुछान भई उत्पादन भएर घाटगद्दीमा राखिएको लट नं. १ को बिभिन्न जातको गोलिया थान २२८ को १३३६.५२ घ.फि. काठ साथै साल दाउरा ०.५ चट्टा र अन्य दाउरा १ चट्टा तथा लट नं. २ को बिभिन्न जातका गोलिया थान २१५ को १२९४.२८ घ.फि. काठ साथै साल दाउरा १ चट्टा र अन्य दाउरा ०.५० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएको ले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २२ (बाईसौं) दिन भित्र शीलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**डिभिजन वन कार्यालय**
**सल्यान**

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बिहीवार, १३ मङ्सिर २०८१ | Thursday, 28 November 2024
आर्थिक अभियान

# कृषि वस्तुको आयातभन्दा निर्यात बढी



| काँकडभिट्टा नाकाबाट कृषि वस्तुको आयात निर्यात (चालू आर्थिक वर्षको पहिलो चार महीना) | |
|---|---|
| विवरण | मूल्य (रू. करोड) |
| कुल निर्यात | ७८२.५५ |
| कुल आयात | ७९.६३ |
| निर्यात भएका प्रमुख कृषि वस्तु | |
| चिया | ४००.४८ |
| अलैंची | १५५ |
| प्लाई तथा भेनियर | १०५ |
| अम्रिसो | ३३.९६ |
| अदुवा | २०.५५ |
| बन्दाकोभी | ६.४८ |
| मुसुरो दाल | १.५५ |

*स्रोत : प्लान्ट क्वारेन्टाइन कार्यालय, काँकडभिट्टा*

झापा । पूर्वी नाका काँकडभिट्टाबाट चालू आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा सात अर्ब ८२ करोड ५५ लाख चार हजार रुपैयाँको कृषि वस्तु भारत निर्यात भएको छ । आयातको तुलनामा कृषि वस्तुको निर्यात बढी रहेको प्लान्ट क्वारेन्टाइन कार्यालय, काँकडभिट्टाले जनाएको छ । उक्त त्रैमासिक अवधिमा यो नाकाबाट ७९ करोड ६३ लाख १० हजार रुपैयाँको कृषिवस्तु आयात भएको छ ।

कार्यालयका सूचना अधिकारी चन्द्रेश्वर ठाकुरका अनुसार चार अर्ब ४८ लाखको चिया, एक अर्ब ५५ करोडको अलैंची, एक अर्ब पाँच करोडको प्लाई तथा भेनियर, ३३ करोड ९६ लाखको अम्रिसो, २० करोड ५५ लाखको अदुवा, ६ करोड ४८ लाखको बन्दाकोभी, एक करोड ५५ लाखको मुसुरो दाल, ५१ लाख १९ हजारको जडीबुटी र ११ करोड ५३ लाख रुपैयाँको अन्य कृषिवस्तु भारत निर्यात भएको छ ।

सोही अवधिमा आयात भएका वस्तुमा गेडागुडी दलहन, ताजा फलफूल, आलु, लसुन, कोदोलगायत कृषिउपज रहेका छन् । चार महीनामा २२ करोड ३१ लाखको गेडागुडी, १५ करोड ३० लाखको आलु, १४ करोड १३ लाखको ताजा फलफूल, ११ करोड सात लाखको लसुन, ६ करोड ४४ लाखको कोदो, पाँच करोड ३४ लाखको सागसब्जी र पाँच करोड दुई लाख रुपैयाँ बराबरको अन्य कृषिवस्तु आयात भएको छ ।

कृषि बालीहरूको निर्यात बढ्दै जानुले भारतसँगको व्यापारघाटा कम गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने ठाकुरले बताए । पूर्वी पहाडी जिल्ला इलाम, पाँचथर र ताप्लेजुङमा उत्पादित अलैंची, अदुवा, चिया, जडीबुटी र तरकारी बालीको भारतीय बजारमा उच्च माग छ । यससँगै राम्रो मूल्य समेत पाउने गरेको छ ।

पहाडी जिल्लाबाट कच्चा पदार्थ संकलन गरेर झापामा सञ्चालित प्लाई तथा भेनियर उद्योगले समेत निर्यातमा उत्साहजनक योगदान दिइरहेका छन् । यद्यपि लसुन, आलु, कोदो, ताजा तरकारी र फलफूलमा भारतीय निर्भरता अझै घट्न सकेको छैन । *रासस*

# ६० कटेका दम्पतीको सफल व्यवसाय

## २० बिघामा गर्छन् माछापालन

**प्रजिता बुढाथोकी**

चितवन



चितवनको माडी नगरपालिका, अयोध्यापुरीमा ६० वर्ष नाघेका दम्पतीले माछापालन व्यवसायबाट राम्रो आम्दानी गरिरहेका छन् । ६९ वर्षका कुलप्रसाद भण्डारी र ६२ वर्षकी पिप्ला भण्डारी जिल्लामै सफल माछापालक कृषकका रूपमा परिचित छन्। विगत १५ वर्षदेखि नै यो जोडी माछापालन व्यवसायमा लागे पनि व्यावसायिक रूपमा भने चार वर्षदेखि सक्रिय रहेको छ ।

भण्डारी दम्पतीले २० बिघा जग्गा लिजमा लिएर माछापालन गरिरहेका छन् । उमेर ६० कटे पनि निकै जोसिला देखिने उनीहरूले इन्जिनियर छोराले शुरू गरेको यो व्यवसाय अहिले आफैले चलाएका हुन् । 'छोराहरूले शुरू गर्ने आँट गरे पनि बीचमै छोड्न खोजेपछि हामी बुढाबुढीले गर्ने आँट गऱ्यौं, अहिले सजिलै चलाइरहेका छौं,' उनीहरूले भने । १ करोड ५० लाख रुपैयाँ लगानी रहेको माछापालन व्यवसायका लागि पिल्लाले ५० लाख रुपैयाँ ग्रामीण उद्यम कर्जा लिएकी हुन्, जुन कर्जा एशियाली विकास बैंक (एडिबी)ले सरकारमार्फत साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई उपलब्ध गराउँछ । कृषिलाई प्राथमिकतामा राखेर किसानहरूको जीवनस्तर उकास्नकै लागि विभिन्न महिला सहकारीमार्फत प्रदान गरिने यो कर्जा आफूले अयोध्यापुरी महिला साना किसान सहकारीमार्फत अडाई वर्षअघि लिएको उनले बताइन् । आफूसँगै पाँचजनाको लगानीमा शुरू गरेको माछापालन व्यवसायका लागि ग्रामीण उद्यम कर्जा लिएकी उनले अडाई वर्षमा ५० लाख रुपैयाँ कर्जा घटाएर ३८ लाख रुपैयाँमा झारिसकेकी छिन् ।



२० बिघामध्ये ११ बिघामा माछापालनका लागि जलाशय निर्माण गरेको भण्डारीले बताइन् । '१२ ओटा पोखरीमा ग्रास, नैनी, सिल्भर, ग्रास, रहु लगायत जातका माछा पालेका छौं,' उनले भनिन्, 'पोखरी मर्मत गर्नु नपरेका वर्ष वार्षिक १८ लाखदेखि २० लाख रुपैयाँसम्म खुद नाफा कमाएका छौं । खर्च नकटाउँदा वार्षिक ४८ देखि ५० लाख रुपैयाँसम्म आम्दानी हुने गरेको भण्डारी दम्पतीको भनाइ छ । उनीहरूले उत्पादन गरेको माछा चितवन, काठमाडौं र पोखरामा विक्री हुने गरेको छ । माछा विक्रीका लागि बजारको समस्या नभएको उनीहरू बताउँछन् ।

पोखरीबाट माछा झिक्ने, तौलने लगायत काम गर्न तीनजना स्थानीय युवालाई रोजगारी दिएको र धेरैजसो काम आफै गर्ने उनीहरूले सुनाए । दिनभरि माछालाई चारो दिने, रेखदेख गर्ने मात्र होइन, रातमा सुरक्षाका लागि समेत उनीहरू आफै खटिन्छन् । माछापालन क्षेत्र जंगल नजिक भएकाले त्यो क्षेत्रमा बाघ, भालुको समेत डर भए पनि राति बत्ती बालेर पोखरीको रेखदेख गर्ने गरेका छन् ।

व्यवसायमा आफूहरू सफल बनिरहँदा आफूहरूका लागि उमेर अंक मात्र रहेको कुलप्रसाद सुनाउँछन् । 'यो व्यवसाय अझै केही वर्ष गर्छौं, हामीपछि पनि सन्ततीले यसलाई निरन्तरता दिए हुन्थ्यो । छोराहरूले शुरूमै छाडेको गुनासो गर्दै उनीहरूले आफूपछि जेठा छोरीज्वाइँले यो व्यवसाय अघि बढाउने आशा व्यक्त गरे ।


## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०८/१३)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

१ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (जनकपुर भानुचोक शाखा, धनुषा)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा मिति २०७५/०७/१९ मा प्रा.फ.द.प्र.प.नं. १०४६७/३६७/०७५/७६ अन्तर्गत दर्ता भएको **सुशान्त मत्स्य पालन ।**
ठेगाना : धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०१ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
कशिन्द्र प्रसाद गोइत (यादव)की छोरी राम प्रसाद सुनरैत यादवकी बुहारी जय प्रकाश यादवकी श्रीमती धनुषा जिल्ला, बालाबाखर गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ०६१५२९५५ (जारी मितिः २०५२/०३/३२, स्थान धनुषा) भएकी **रिम्पु कुमारी ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

सरुप सुनरैतको नाति राम प्रसाद सुनरैत यादवको छोरा धनुषा जिल्ला, बालाबाखर गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ०६१५२८३२ (जारी मिति २०४४/०३/०३, स्थान धनुषा) भएको **जय प्रकाश यादव ।**

**धितोको विवरण**

धनुषा जिल्ला, बालाबाखर गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल धनुषा जिल्ला, शहिदनगर न.पा. वडा नं. ०१ बस्ने, **जय प्रकाश यादव** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, बालाबाखर गा.वि.स. वडा नं. ०९ नक्सा सीट नं ९ मा अवस्थित कि.नं. ६१८ र २६३ क्षेत्रफल १-१९-१४-० र ०-१७-१०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२ **ऋणीको नाम र ठेगानाको विवरण (वालिङ शाखा, स्याङ्जा)**

खडका बहादुर थापा (क्षेत्री) को नाती, जित बहादुर थापा (क्षेत्री) को छोरा, स्याङ्जा जिल्ला पेखु बाघखोर गा.वि.स वडा नं ०४ बस्ने, ना.प्र.न २१०९७ ( नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. स्याङ्जा, जारी मितिः २०५१/०९/२८ ), भएको **धन बहादुर थापा (क्षेत्री) ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. गुप्त बहादुर के.सी की छोरी, जित बहादुर थापा (क्षेत्री) की बुहारी, धन बहादुर थापा (क्षेत्री) की श्रीमती, स्याङ्जा जिल्ला वालिङ गा.वि.स वडा नं १० स्थायी घर भई हाल स्याङ्जा जिल्ला वालिङ ना.पा वडा नं ०८ बस्ने, ना.प्र.नं. १९३९ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. स्याङ्जा, जारी मितिः २०५७/१२/०६), भएकी **कल्पना थापा ।**
२. जित बहादुर थापा (क्षेत्री) को नाती, धन बहादुर थापा (क्षेत्री) को छोरा, स्याङ्जा जिल्ला वालिङ ना.पा वडा नं १४ स्थायी घर भई हाल स्याङ्जा जिल्ला वालिङ ना.पा वडा नं ०८ बस्ने, ना.प्र.न ४२२०४१/१०/५२ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. स्याङ्जा, जारी मितिः बि.सं. २०६७-०४-१०), भएको **पुजन थापा ।**

**धितोको विवरण**

स्याङ्जा जिल्ला वालिङ गा.वि.स वडा नं १० स्थायी घर भई हाल स्याङ्जा जिल्ला वालिङ ना.पा वडा नं ०८ बस्ने, **कल्पना थापा** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको स्याङ्जा जिल्ला वालिङ गा.वि.स. वडा नं. ०३ नक्सा सीट नं ३ मा अवस्थित कि.नं. २२४७ क्षेत्रफल क्रमश ०-१-३-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (निजगढ शाखा, बारा)**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कलैया, बारामा मिति २०७७-०९-१३ मा प्रा.फ.र नं. १००८७/०७७/७८ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **दिप ज्योती फर्निचर सप्लायर्स ।**
ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ०७ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
अमिरकन साह तेलीकी छोरी यागेन्द्र प्रसाद साह तेलीकी बुहारी धनाई साह तेलीकी श्रीमती बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं ०९ स्थायी घर भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ३३-०२-७४-०३२३३ (जारी मितिः २०७४-०९-२८, स्थान बारा) भएकी **पुजा साह ।**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दिप लाल साहको नाति यागेन्द्र प्रसाद साह तेलीको छोरा बारा जिल्ला, प्रस्टोका गा.वि.स. वडा नं ०३ स्थायी घर भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ३३१०८३/९२२५ (जारी मिति २०६५/०७/१७, स्थान बारा) भएका **धनाई साह तेली ।**
२. दिप लाल साहको नाति यागेन्द्र प्रसाद साह तेलीको छोरा बारा जिल्ला, प्रस्टोका गा.वि.स. वडा नं ०३ स्थायी घर भई हाल बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ३३३०८३/१९४७ (जारी मिति २०६३/११/१२, स्थान बारा) भएका **पन्नालाल साह ।**
३. विरेन्द्र प्रसाद साह तेलीकी छोरी यागेन्द्र प्रसाद साह तेलीकी बुहारी पन्नालाल साहकी श्रीमती बारा जिल्ला, परवानीपुर गा.पा. वडा नं ०७ स्थायी घर भई हाल जितपुरसिमरा उ.म.न.पा वडा नं ०७ बस्ने, ना.प्र.नं. ३३-०१-७४-०४१४५ (जारी मितिः २०७४-०४-१८, स्थान बारा) भएकी **अनिता कुमारी साह ।**

**धितोको विवरण**

**पन्नालाल साह र धनाई साह तेली** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, निजगढ न.पा. वडा नं ०७, नक्सा सीट नं ७घ मा अवस्थित कि.नं. २८६ क्षेत्रफल ०-२-४-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१


# सुनचाँदीको भन्सार दर कटौतीको स्वागत

विराटनगर (अस) । नेपाल सरकारले सुन र चाँदीको आयातमा लाग्ने भन्सारदरमा गरेको कटौतीको पूर्वका दुई औद्योगिक तथा व्यावसायिक संगठनले स्वागत गरेका छन् । मोरङ उद्योग व्यापार संघ र नेपाल उद्योग परिसंघ, कोशी प्रदेशले विज्ञप्ति जारी गर्दै सरकारको उक्त कदमको स्वागत गरेका हुन् ।

उनीहरूले यसअघि नेपालमा सुन र चाँदीको भन्सारदर भारतभन्दा बढी भएकाले घटाउनुपर्ने माग गरेका थिए । भारतीय बजारमा प्रतितोला सुनको भन्सार नेपालको भन्दा ३ हजार रुपैयाँ बराबर सस्तो थियो, जसकारण भारतबाट अवैध बाटो भएर नेपाली बजारमा सुन आउन थालेपछि नेपाली बजारमा भारतीय रुपैयाँको अभाव देखिएको थियो ।

सरकारले सुन आयातमा लाग्ने भन्सारदर २० प्रतिशतबाट घटाएर १० प्रतिशत कायम गरेको छ भने चाँदीको भन्सारदर १५ प्रतिशतबाट घटाएर १० प्रतिशत निर्धारण गरेको छ । नेपाल उद्योग परिसंघ, कोशी प्रदेश समितिका अध्यक्ष पवन सारडाले आफूहरूले असार-साउनदेखि नै सरकारलाई सुनको भन्सारदर घटाउन आग्रह गरिरहेकोमा अहिले कार्यान्वयन भएको बताए ।

सरकारी निर्णयपछि नेपाली बजारमा सुनको मूल्यमा उल्लेख्य कमी आएको छ । मोरङ उद्योग व्यापार संघले पनि सो निर्णय सकारात्मक भएको बताएको छ । संघका अध्यक्ष अनुपम राठीले सरकारको निर्णयले सुनचाँदीको अवैध कारोबार अन्त्य हुने विश्वास व्यक्त गरे । साथै, यसले पूँजीको अनधिकृत पलायन समेत नियन्त्रण हुने उनको अपेक्षा छ । परिसंघका अनुसार चालू आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा मात्र १३० किलो सुन आयात भएको छ, जुन विगत वर्षको तुलनामा धेरै कम हो ।

# 'एनपीएल जिते ३० लाख पुरस्कार'

विराटनगर (अस) । कोशी प्रदेश सरकारले विराटनगर किङ्सले एनपीएलको उपाधि जितेमा ३० लाख रुपैयाँ पुरस्कार दिने घोषणा गरेको छ । विराटनगर किङ्सका खेलाडीलाई मंगलवार राति बिदाइ गर्दै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विजेता बनेमा उक्त राशीको पुरस्कार दिने घोषणा गरेका हुन् । नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गर्न लागेको नेपाल प्रिमियर लिग (एनपीएल)का लागि कोशी प्रदेशबाट विराटनगर किङ्सले सहभागिता जनाउँदै छ ।

## तथ्यांकोवाच

# यस्तो छ नेपालबाट चीनतर्फको निर्यात

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणका क्रममा चीनमा निर्यात अभिवृद्धि कसरी गर्ने भन्ने विषय पनि प्रमुख सरोकार रहेको छ । यो सन्दर्भमा नेपालको चीनसँगको निर्यात व्यापारको वस्तुगत तथ्यांक यहाँ प्रस्तुत गरिएको छ । यस तथ्यांकले चीनमा भइरहेको निर्यातको चित्र प्रस्तुत हुनुका साथै नीति निर्माताहरूलाई चीन भ्रमणमा एजेण्डा निर्धारण गर्न समेत सहज हुने देखिन्छ ।

**नेपालबाट चीनतर्फको निर्यात मूल्य (रू. करोड)**

| वस्तु | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ऊनी कार्पेट | १४.९१ | २३.१० | २१.८९ | २५.९३ | १९.५४ | १३.७४ | २२.२८ | २३.५० | २०.०० | ३९.१६ |
| तामाका सामानहरू | १७.४८ | ९.०६ | १०.०२ | ११.३२ | १६.५८ | ८.७७ | १.७० | ०.०९ | १०.३५ | ३५.१४ |
| औषधीय जडीबुटी | ९४.७७ | ४६.४२ | १२.४२ | ३.४३ | १२.३४ | ५.७२ | ७.४७ | ७.४२ | ४.३६ | ३३.०४ |
| धातुका मूर्तिहरू | १८.८३ | ४३.९३ | ३७.०१ | २८.४८ | २८.६५ | ८.७३ | १४.१४ | ८.८८ | ५.८३ | १८.४६ |
| फेल्ट | ०.०४ | ०.१३ | ०.६६ | १.६६ | १.५८ | १.८० | ४.६० | ८.८० | १६.६३ | १५.७७ |
| पास्ता | ४.५५ | १.४० | ३.०९ | ६.८३ | १५.११ | ०.६१ | – | ०.८४ | ५१.४२ | १४.९५ |
| तयारी पोशाक | १.९८ | ३.३८ | ५.७० | ११.०९ | १०.६४ | २.३९ | ५.७१ | ४.३७ | ४.४२ | १२.५९ |
| कोटेड कपडाहरू | ०.०९ | ०.०० | ०.०५ | – | – | – | – | – | २.३७ | १०.२७ |
| वाद्य यन्त्र | ०.०७ | ०.३८ | ०.२४ | ०.२० | ०.५३ | ०.२९ | ३.४२ | ४.६२ | ५.५८ | ७.९४ |
| काठका सामान | ०.९३ | १.०९ | १.२९ | ०.९४ | १.५७ | ०.२३ | ०.८१ | १.०३ | ४.४९ | ८.३६ |
| जिङसेनको जरा | – | – | – | – | – | – | – | – | १.४९ | ५.८४ |
| फलाम र स्टीलका उत्पादनहरू | ०.१४ | ०.३२ | ०.०४ | ०.२० | ०.१३ | ०.११ | १.०७ | ०.२४ | १.७८ | ४.७७ |
| जुस | १.५२ | ०.२६ | १.८५ | २.१६ | २.११ | ०.०७ | – | – | ०.०५ | ४.२२ |
| छाला | ३७.७४ | १८.८७ | १३.८३ | १२.३१ | ८.५७ | ०.८१ | २.४७ | ३.३८ | ०.३४ | ३.८३ |
| हस्तशिल्पका सामान | ५.७४ | ६.०० | ८.५६ | १४.४२ | २०.०० | १५.१८ | १६.५९ | ८.७८ | ५.५८ | ३.६४ |
| पश्मिना सल | ३.०८ | ५.१५ | २.५६ | ७.७७ | ४.२० | १.३४ | १.६१ | २.३५ | १.३१ | ३.५४ |
| फर्निचर र चटाई | २.९७ | १.३७ | १.६८ | २.९९ | ३.८३ | ०.८७ | ०.०१ | ०.०८ | १९.८५ | ३.३५ |
| धागो | – | – | – | ०.०१ | ०.०० | ०.०० | – | – | ०.०० | २.९९ |
| आभूषण | १.२० | ०.८१ | ०.७२ | ०.८७ | १.७८ | ०.७३ | ०.८२ | ०.११ | १.१९ | २.३५ |
| एल्युमिनियमका सामान | १.३५ | १.२२ | ०.५१ | ०.७९ | ०.४९ | ०.५३ | ०.०३ | ०.०६ | २.६३ | २.२२ |
| धूप | १.४० | ०.६७ | ०.९८ | १.२५ | ०.७४ | ०.५५ | ०.३३ | ०.३७ | ०.८० | २.०४ |
| जालीदार कपडा | – | – | – | – | – | – | – | – | – | १.७२ |
| रुद्राक्ष | – | – | ८.६३ | ७.४७ | ८.६७ | ३.९३ | २.६१ | ०.४१ | १.१२ | १.६७ |
| छालाका सामान | ०.०५ | ०.०४ | ०.१२ | ०.०५ | ०.११ | ०.०९ | ०.१४ | ०.०० | ०.१० | १.६५ |
| शरीरको कृत्रिम भागहरू | – | – | – | – | – | – | – | ०.१२ | ०.६५ | १.५७ |
| हस्तनिर्मित कागज | ०.६२ | १.४५ | ०.७१ | १.१५ | १.०४ | ०.४२ | ०.४७ | ०.९५ | २.५८ | १.५२ |
| कम्बल | ०.०३ | ०.०३ | १.०१ | ०.३० | ०.३२ | ०.०५ | ०.०० | ०.१७ | ०.१२ | १.४९ |
| चिया | १.४१ | १.७१ | १.१२ | १.६६ | १.८८ | ०.५९ | ०.३१ | ०.७४ | ०.८२ | १.४२ |
| तयारी खाद्य परिकार | २.४९ | १.९६ | ३.०६ | ६.७३ | ४.०२ | १.३३ | – | – | ०.६९ | १.३२ |
| पशु आहार | – | – | – | – | – | – | – | – | – | ०.९६ |
| भ्याकुम फ्लास्कहरू | ०.०१ | ०.१२ | ०.६३ | १.१६ | २.३३ | १.२० | – | ०.०३ | ०.९२ | ०.७४ |
| सारयुक्त तेल | ०.०६ | ०.४६ | ०.५७ | ०.५७ | १.२१ | ०.७७ | १.२३ | ०.५५ | १.५९ | ०.५६ |
| श्रृंगारका सामानहरू | ०.०४ | ४.७७ | ११.५४ | १९.६१ | १५.१७ | १०.१९ | – | ०.१२ | ०.२२ | ०.४० |
| कछुवाका खपटा | – | – | – | – | – | – | – | – | – | ०.२७ |
| चिनी | – | – | ०.०७ | – | – | – | – | – | ०.०८ | ०.२२ |
| कुकुर वा बिरालो खाना | – | ०.०० | – | ०.०० | – | ०.०२ | ०.२० | ०.१४ | ०.१२ | ०.२० |
| रिठा | – | – | – | ०.०० | – | – | – | – | – | ०.२० |
| चुइङ्गम | ०.०२ | ०.२२ | १.३३ | १.६० | ०.६२ | ०.०६ | – | – | ०.०० | ०.१० |
| कफी | ०.०८ | ०.२६ | ०.०४ | ०.०७ | ०.११ | ०.०४ | – | ०.०१ | – | ०.०५ |
| नरिवल | – | – | ०.०० | – | – | – | ०.०१ | – | – | ०.०५ |
| मसला | ०.०५ | ०.१० | ०.०३ | ०.४४ | ०.२४ | ०.१४ | – | – | – | ०.०३ |
| घोँघी | – | ०.०५ | ०.०८ | ०.११ | ०.१० | ०.०३ | – | – | ०.०४ | ०.०१ |
| ताजा च्याउ | ०.०० | ०.२२ | – | ०.०० | ०.०७ | – | – | – | ०.०५ | ०.०० |
| अन्य | २२.०५ | ४०.७३ | २८.९३ | ७०.३५ | २६.७१ | ३७.७७ | १३.५९ | २.७० | ६.९९ | ८.२१ |
| कुल | २३५.७३ | २१५.६८ | १८०.९८ | २४३.९२ | २१०.९८ | ११९.१२ | १०१.६१ | ८०.८८ | १७६.५८ | २५८.८६ |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र भन्सार विभाग*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर